# भूमिसुधार र गरिबी निवारण

## छलफल कार्यक्रम

२०६० फागुन २४ गते

काठमाडौं ।

# प्रतिवेदन

***अवधारणा तथा निष्कर्ष***

**<u>आयोजक</u>**

सचेत सञ्चार मञ्च

एक्सनएड नेपाल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

# विषयसूची

| क्र.सं. | शीर्षक |
|---|---|


१ भूमिका

२. कार्यक्रमको उद्देश्य

३. कार्यक्रमको सार

४. उद्घाटन मन्तव्य

५. सरकारी भूमि बैंकको प्रस्ताव

६. भूमिसुधार र सामाजिक न्यायको प्रश्न

७. भूमि बैंकको अवधारणा र भूमिअधिकारको सवाल

८. सरकारी भूमिसुधारको समीक्षा

९. सहभागीका विचारहरू

१०. कार्यक्रमको निष्कर्ष

११. अनुसूचि

सरकारी प्रस्ताव

सहभागीहरुको तालिक

# भूमिका

जनताको जीवनस्तर र सामाजिक न्यायसित सोझै गाँसिएको भूमिको सवालमा बहसको रिक्तता देखिएको छ। यस विषयमा जनचासो तयार पार्न तथा भूमिमाथि आश्रित लाखौं भूमिहीन, गरीब, साना किसानहरूको हितमा भूमिसुधार हुनुपर्दछ भन्ने आफ्नो अवधारणा सार्वजनिक गर्न सचेत सञ्चार मञ्चले विभिन्न समयमा भूमिसम्बन्धी संवाद प्रक्रियाहरू अघि बढाउँदै आएको छ। विगतमा सरकारले थालेका प्रयासहरूको समीक्षा र तिनीहरूबाट पाठ सिक्दै नेपालको बस्तुस्थितिमा सही प्रकारको भूमिसुधारको मोडेल निर्माण गर्न यी बहस तथा संवादका प्रक्रियाहरूले निरन्तरता पाउनुपर्ने देखिन्छ।

देशको कूल जनसंख्याको ७५ प्रतिशत भन्दा बढी जनता कृषिमा निर्भर रहेको यथार्थ रहेपनि कृषिलाई राष्ट्रिय अर्थतन्त्रको मुख्य इकाईका रुपमा लिएर यसमाथि निर्भर रहेकाहरूको हितमा भूमिसुधार गरिनुपर्ने मुद्दा सबैको सरोकारको विषय हुनुपर्ने हो। नेपालमा भूमिसुधारका क्षेत्रमा सरकारी प्रयासको इतिहास त्यति लामो नभएपनि २००७ सालपछिका सरकारहरूले यससम्बन्धी कार्यहरूको थालनी नगरेको भने होइन। तर 'भूमिसुधार कसका लागि र के का लागि' भन्ने सवालमा भने बहस त्यति उठ्न सकेन। विशेष गरी नेपाली समाजको विकास, श्रोत र साधनको परिचालन जोताहाहरूको अधिकार तथा राष्ट्रिय अर्थतन्त्रमा भूमिको योगदानको कोणबाट भूमिसुधारको बहस त्यति उठेका देखिदैन।

सैद्धान्तिकरुपमा राजनीतिक दलहरूले आफ्ना चुनावी घोषणहरूमा भूमिसुधारलाई उल्लेख गरेपनि नेपालको लागि भूमिसुधारको मोडेल के हुनसक्छ ? कस्तो खाले भूमिसुधारले सामाजिक न्याय दिनसक्छ ? कुन तरिकाबाट भूमिलाई प्रयोग गर्दा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्छ र सबै पक्षलाई समेट्न सकिन्छ ? भूमिमाथि आश्रितहरूको अधिकार सुनिश्चित् गर्न कसरी सकिन्छ भन्ने सवाल अझै पनि सुल्झिन सकेको छैन।

विगतका प्रायः सबै सरकारहरूले भूमिसुधार सम्बन्धी कार्यक्रमहरू घोषणा गरेपनि नेपालमा भूमिको स्थिति भने जस्ताको तस्तै रहेको छ। हदबन्दीलाई मात्र भूमिसुधार ठान्ने प्रक्रियाहरू या भूमिको अधिकतम उत्पादकत्व नै वास्तविक भूमिसुधार मानेर गरिएका प्रयासहरू एकांकी र निरपेक्ष रुपमा मात्र उठाइएकाले यिनीहरूले भूमि सम्बन्धी मुख्य सवालहरूलाई छुन नसकेको देखिन्छ। अहिले वर्तमान सरकारले पूर्ववर्ती सरकारहरूको आफ्नो सस्तो लोकप्रियताका लागि भूमिको मुद्दा उछाल्ने परिपाटीलाई निरन्तरता दिंदै भूमिहीन किसानहरूलाई जमिन वितरणगरेर उत्पादकत्वमा बृद्धि हासिल गर्ने भूमिबैंकको प्रस्ताव अघि सारेको छ। यो प्रस्तावले भूमिहीनहरूलाई किस्ताबन्दीमा ब्याज लिएर जग्गा किन्न रकम दिने र स्वेच्छाले जमिन बेच्न चाहने भूमिहीनहरूबाट जमिन किन्ने घोषणा गरेको छ। तर सरकारी प्रस्तावलाई अधिकारबाट बञ्चित समुदायको पक्षबाट हेर्दा यो एकांकी भएकाले नेपालको भूमिसवाललाई सम्बोधन गर्न सक्दैन। नेपालमा दुई छाकको जोहो गर्न नसक्ने लाखौं भूमिहीन जनताले जतिसुकै सस्तो ब्याजमा पनि त्यो जमिन किन्न नसक्ने स्पष्ट छ। यसले गर्दा कतै यो कार्यक्रम जमिन्दारहरूलाई सुरक्षा दिने, पूँजीपति बनाउने र गरिबलाई अझै ऋणमा डुबाइराख्ने चालबाजी त होइन भन्ने प्रश्न पनि उठेको छ। सरकारले भूमिपतिहरूबाट ऐच्छिककरूपमा जमिन किन्ने र त्यसलाई भूमिहीनहरूलाई बिक्री गर्ने निर्णयले भूमिमाथि आश्रितहरूको अधिकारको पुष्टि नहुने र भूमिको उत्पादकत्व बृद्धि हुन नसक्ने देखिन्छ।

यो स्थितिमा भूमिसुधारका सम्बन्धमा चल्दै आएको बहसलाई निरन्तरता दिन तथा वर्तमान सरकारले ल्याएको भूमिसुधारमाथि छलफल गर्न व्यापक अन्तरक्रिया तथा संवादको आवश्यकता महशुस गरी सचेत सञ्चार मञ्चले 'भूमिसुधार र गरिबी निवारण' विषयमा छलफल गर्नुपर्ने महशुस गरेको हो। सामाजिक न्यायको लागि सञ्चारका माध्यमबाट वकालत गर्दै आइरहेको सचेत सञ्चारमञ्च, अधिकारविहीन जनताको पक्षमा गैरसरकारीस्तरबाट वकालत गर्दै आइरहेको अन्तरराष्ट्रिय गैरसरकारीसंस्था एक्सनएड नेपाल र जमिनमाथि स्वामीत्व नभएका मोहीहरूको हक र अधिकारका लागि क्रियाशील संस्था सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले वर्तमान सरकारले ल्याउन खोजेको कार्यक्रमले गरिबी निवारणमा योगदान दिन सक्छ या सक्दैन ? भूमि जोत्ने वास्तविक जोताहाहरुको हित संरक्षण गर्न सक्छ या सक्दैन ? मुलुकको राष्ट्रिय अर्थतन्त्रमा कृषी क्षेत्रको योगदानमा यसको कस्तो प्रभाव पर्छ आदि विविध सवालमा व्यापक जनसंवाद र छलफल गर्नुपर्ने आवश्यकता देखेर कार्यक्रमसम्बन्धी अवधारणा जन्मेका हो। भूमिसुधारको मुख्य लाभ भूमिमाथि आश्रित जनताहरूले पाउनुपर्दछ भन्ने पूर्व मान्यता बोकेर उक्त कार्यक्रमको आयोजना गरिएको थियो। यस सन्दर्भमा 'भूमिसुधार र गरिबी निवारण' विषयमा कार्यक्रम आयोजना गर्ने र सरकारले ल्याउन खोजेको भूमिबैंकमाथि नै विशेष छलफल गर्ने साथै त्यसका विकल्पहरू खोज्ने पूर्व सहमति अनुसार कार्यक्रम सम्पन्न भएको थियो।

# कार्यक्रमको उद्धेश्य

१. नेपालमा भूमिसुधार सम्बन्धी चलेका बहसहरूलाई निरन्तरता दिने ।

२. वर्तमान सरकारले ल्याउन खोजेको भूमिबैंकको कार्यक्रमलाई सार्वजनिक बहसमा लैजाने ।

३. भूमिसुधार सम्बन्धी विगतका सरकारी प्रयासहरूको समीक्षा गर्ने ।

४. भूमिसुधार विकास तथा सामाजिक न्यायको मुद्दा हुनुपर्नेमा बहसको थालनी गर्ने ।

५. भूमिका वास्तविक उत्पादक शक्ति तथा आश्रितहरूको अधिकारको पक्षमा आवाज उठाउने ।

६. मोहीसम्बन्धी सरकारी अवधारणा न्यायपूर्ण नभएकोले मोहीयानी हक सुनिश्चित गर्न दबाब दिने ।

७. सरकारले ल्याउन खोजेको भूमि बैंकको उपादेयता, राष्ट्रिय अर्थतन्त्रको सन्दर्भमा भूमि बैंकको सान्दर्भिकताबारे छलफल गर्ने तथा भूमिहीनहरूको अधिकार संरक्षणका लागि अन्य विकल्पहरूको खोजी गर्ने ।

८. भूमिहीन किसानहरूको पक्षमा वकालत गर्ने, उनीहरूको अधिकारको मुद्धालाई चर्चामा ल्याउने ।

९. सञ्चारमाध्ययमा भूमिको सवाललाई मुख्यरुपमा उठाउने ।

१०. नेपालमा भूमिको स्थिति, यसका सवालहरू, भूमिमुद्धासम्बन्धी जानकारी आदानप्रदान गर्ने ।

# कार्यक्रमको सार

सचेत सञ्चार मञ्च, एक्सनएड नेपाल तथा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संयुक्त आयोजनामा मिति २०६० फागुन २४ गतेका दिने काठमाडौंको होटेल अर्किडमा 'भूमिसुधार तथा गरिबी निवारण' विषयमा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम परम्पारगत शैलीभन्दा भिन्न अनौपचारिकरुपमा सम्पन्न भयो ।

सचेत सञ्चारमञ्चका तर्फबाट गोकर्ण भट्टले आमन्त्रीत अतिथि, श्रोत व्यक्तित्व, टिप्पणीकार तथा सञ्चारकर्मीहरूलाई आसन ग्रहण गर्न अनुरोध गरेपछि कार्यक्रमा शुरु भएको थियो । सम्पूर्ण सहभागीहरूले आसन ग्रहण गरिसकेपछि एक्सनएड नेपालका प्राकृतिक श्रोत तथा व्यवस्थापन सवाल प्रमुख तथा अधिवक्ता दीनमणी पोखरेलले उपस्थित अतिथीहरूलाई स्वागत गर्दै छलफलको विषयबस्तुमाथि बिस्तृतरुपमा प्रकाश पार्नुभएको थियो । उहाँले कार्यक्रमको औचित्य, उद्देश्य तथा सरकारी भूमिबैंकसम्बन्धी चर्चा गरिसकेपछि सचेत सञ्चारमञ्चका किरण पोखरेलले कार्यक्रमलाई अगाडि बढाउनुभएको थियो ।

कार्यक्रममा कृषि अर्थशास्त्री, दीपेन्द्र क्षेत्रीले भूमिसुधार तथा सामाजिक न्यायको प्रश्न विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसपछि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका जगत देउजाले भूमिबैंकको अवधारणा र भूमि अधिकारको सवाल विषयमा आफ्नो लिखित कार्यपत्र र प्रा.डा. कैलाश प्याकुरेलले वर्तमान सरकारले ल्याउने खोजेको 'उत्पादकत्वबृद्धिका लागि भूमिहीनहरूलाई जग्गा उपलब्ध गराउने' प्रस्तावमाथि टिप्पणी गर्नुभएको थियो । यो कार्यपत्रमा सरकारी कार्यक्रमको सार उल्लेख हुनुका साथै त्यसमाथि टिप्पणी समेत थियो । तीनजना श्रोतव्यक्तिहरूले कार्यपत्र प्रस्तुत गरिसकेपछि कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. हरिकृष्ण उपाध्यायले भूमिबैंकको अवधारणाको सैद्धान्तिक तथा व्यवहारिक पक्षबारे टिप्पणी गर्नुभएको थियो ।

मुख्य श्रोत व्यक्तिहरूले आफ्ना विचारहरू राखेपछि सहजकर्ता किरण पोखरेलले भूमिबैंकमाथि कार्यक्रम केन्द्रीत रहने बताउनुभयो । यसपछि सहभागीहरूका तर्फबाट डा. हरिकृष्ण उपाध्ययालाई प्रश्न सोधिएको थियो ।

कार्यक्रमको अर्को चरणमा चार जना टिप्पणीकारहरूले वर्तमान सरकारले ल्याउन खोजेको कार्यक्रममाथि विभिन्न पक्षबाट विश्लेषण गरेका थिए । यसमा डा. विष्णु उप्रेतीले द्वन्द्व र भूमिसुधार, पूर्व मन्त्री जगन्नाथ

**आचार्यले आफना अनुभव तथा टिप्पणी, दलित अधिकारका कोणबाट दलित कार्यकर्ता आहुती र कानूनी पक्षबाट अधिवक्ता मेघराज पोखरेलले आफ्नो वचार राख्नुभयो ।**

**कार्यक्रमको अन्तिम चरणमा सरकारी कार्यक्रममाथि भूमिसवालमा क्रियाशील विज्ञहरूबीच छलफल भयो । छलफल कार्यक्रममा सहभागी विज्ञहरूमा भूमिसुधार तथा व्यवस्था विभागका महानिर्देशक मुक्तिनाथ शर्मा घिमिरे, मोड नेपालकाकृष्ण पाठक, एक्सनएड नेपालका यमुना घले, अखिल नेपाल किसान संघका उपाध्क्ष धर्मदत्त देवकोटा, कान्तिपुर टेलिभिजनका हिमाल न्यौपाने, स्वीस सामुदायिक वन परियोजनाका भरत पोखरेल, पत्रकार उषा तिवारी, प्रो पब्लिकका केदार खडका, फेकोफोनका विमल खडका, उप प्राध्यापक तथा राजनीतिक अर्थशास्त्री भरत पोखेरेल, एक्सनएडका राजकुमार त्रिखत्री, विकास मञ्चका जगदीशचन्द्र बाग्ले, प्रा. डा. प्रेम शर्मा, हिमप्रसाद सेढाई, सरेश नेपाल लगायतका सहभागीहरूले आफ्ना विचार व्यक्त गर्नुभएको थियो। सहभागीहरुका तर्फबाट टिप्पणीको क्रम सकिएपछि गोकर्ण भट्टले समग्र कार्यक्रमको निष्कर्ष सुनाउनुभएको थियो । कार्यक्रममा विषयविद्, सञ्चारकर्मी तथा श्रोतव्यक्ति गरी १०५ जनाको उपस्थिति रहेको थियो । कार्यक्रम साढे तीन घण्टा चलेको थियो ।**

## उद्घाटन मन्तव्य

# भूमिसुधार मोडेल खोज्न बहस आवश्यक छ

▪ दीनमणी पोखरेल, एक्सनएड नेपाल

नेपालको विकासको सन्दर्भमा भूमिको सवाललाई पन्छाउन मिल्दैन । भूमि र विकासको सम्बन्ध अत्यतै अन्यौनाश्रित रहेको छ। व्यत्तिःको विकास, प्रगति, उन्नती तथा सामाजिक उपस्थितिको मुख्य कारकका रुपमा स्वामीत्वको स्थितिले मुख्य भूमिका खेलेको हामीले पाएका छौं । सर्सर्ती नियाल्दा राजनीतिक दल, संघसंस्था, नीति निर्माण तह लगायत सामाजिक आर्थिक राजनैतिक षेत्रमा कार्यरत सबैजसो भूस्वामीत्व ग्रहण गरेका व्यक्तिहरू नै रहेका छन्। उनीहरूको सामाजिक उपस्थिति निकै व्यापक छ जबकि भूमिहीनहरूको सामाजिक सम्बन्ध निकै साँघुरो रहेकोले उपेक्षित भएका छन् । सीमांतीकृत बनेका छन् । यसको सोझो असर नीति निमार्ण तहमा परेको छ ।

नेपालमा भूमिको स्वामित्व व्यक्तिको सामाजिक प्रतिष्ठाको सवाल बनेको छ । यो स्थितिका कारण भूमिको सवालालई उपेक्षा गर्दा हाम्रो सन्दर्भमा विकास र गरिबी निवारणको कुरा गर्नु व्यर्थ हुनजान्छ । त्यसैले सामाजिक विकास र गरिबी निवारण्को लागि भूमिसुधार प्रमुख पक्ष हो यो कसरी गर्ने न्ने प्रश्न समेत यसैसित उठ्छ। भूमिसुधारको न्दर्भममा हामीकहाँ थुप्रै प्रयासहरू भएका छन् । राजनीतिक दलहरूको घोषणापत्रमा भूमिसुधारका कुराहरू छन् । तर ती कार्यक्रमहरू केही कर्यान्वयन हुन सकेनन् भने लागु भएका योजनाहरूले पनि भूमिहीन गरीब किसानलाई भूमिपछि बनाउन सकेन ।

अहिले फेरी सरकारले गरिबी निवारणको उद्देश्य राखेर भूमिसुधारको प्रस्ताव ल्याएको छ। यसले भूमिहीनहरूको समस्या र भूमिको स्थितिलाई सम्बोधन गर्न सक्छ या सक्दैन भनेर छलफल गर्नु जरुरी देखिन्छ। हामीकहाँ विभिन्न ल्याइएका कर्यक्रमहरू को प्रभावकारिता र सान्दर्भिकताका बारेमा तयारी चरणमा बहस कमै हुने गरेको छ। घोषणा गरिने कार्यक्रमहरू लक्षित वर्गको हितमा छन या छैनन् ? तिनीहरूले कुन सामाजिक वर्गलाई सम्बोधन गर्छ ? तिनीहरूलाई परिमार्जन कसरी गर्ने ? आदि सवालमा बहसले निरन्तरता पाउनुपर्ने हो। जुन हुन सकेको छैन। हामीले यसै विषयलाई ध्यानमा राखेर वर्तमान प्रस्ताव ठीक छ या छैन ? ठीक छ भने कसरी प्रभावकारीरुपमा लागु गर्ने, ठीक छैन भने विकल्प के हुनसक्छ भनेर खोजी गर्ने र परिमार्जन गर्न सकिन्छ भने कसरी गर्ने भन्ने आधारमा यो कार्यक्रममा सरकारी प्रस्तावबारे छलफल गर्न खोजेका हौं ।

नेपालमा भूमिसुधारलाई दुई कोणबाट हेरिन्छ। न्यायोचित वितरणको आधारमा भूमिसुधार र अर्को उत्पादकत्वमा बृद्धिको आधारले । यी सैद्धान्तिक प्रश्नहरूमाथि पनि छलफल गरिनुपर्दछ। यसै आवश्यकतालाई ध्यानमा राख्दै पूर्व प्रयासहरूको चिरफार गर्नुका साथै वर्तमान कार्यक्रमको समीक्षा गर्न यो छलफल आयोजना गरिएको हो । यसले नेपालमा सही प्रकारको भूमिसुधारको मोडेल निर्माणको दिशामा बहसको थालनी हुने हामीले आशा राखेका छौं ।

धन्यवाद ।

# भूमिसुधार र सामाजिक न्यायको प्रश्न

■ दिपेन्द्र क्षेत्री

जमिन उपर व्यक्तिको भोगाधिकार मात्र  रहेको तर अन्य सबै अधिकार राज्यमा निहीत छ। त्यसैले राज्यले व्यक्तिको स्वामित्वमा रहेको जग्गालाई पनि राज्यको आवश्यकताअनुसार उपयोग गर्न, सीमित काममा लगाउन मात्र होइन अधिग्रहण गर्न सिन सक्दछ। यही मापन अन्तर्गत सामाजिक न्यायको नाम दिएर स्वामित्वमा रहने जग्गाको हदबन्दी तोक्ने गरिएको हो। आर्थिक विकासद्धारा जनताको जीवनस्तर उठाउन मुलुकमा उपलब्ध साधन र श्रोतको उपयोगमा जोड दिइन्छ। औद्योगिक र सेवा व्यवसायको वर्चश्व कम रहेका बखत रोजगारीको अवसर सीमित रहँदा जीविकाका लागि अधिकांश जनताको आश्रय जमिन हुने गरेको थियो। जनसंख्याको चाप बढ्नु तर खेतीयोग्य जमिन दिन प्रतिदिन टुक्रिँदै गएर स साना चक्लामा परिणत हुदा उत्पादकत्वमा पनि प्रगति हुन नसकेको कारण भूमि व्यवस्थापनद्वारा सुधार ल्याउन २०२१ मा कदम चालियो। निकै जोश र जागरका साथ आएको त्यस बखतको भूमिसुधारले जमिनको हदवन्दी, साधन परिचालन श्रम विस्थापन र वित्तीय साधनको जगेर्ना र मोहीको हक सुरक्षाद्वारा सामाजिक आर्थिक न्याय दिलाउने उद्देश्य थियो। कालान्तरमा उक्त लक्ष्यहरूले प्राथमिकता पाउन छाडे।

सरकारको अस्थिरता भोग्दै आएको नेपालमा नयाू बन्ने सरकारले आफ्नो कार्यक्रम प्रस्तुत गर्दा जमिनमा द्वैध स्वामित्व हटाउने र उत्पादकत्व बढाउने उपायका रुपमा जमिनको हदबन्दी घटाउदै जाने काम भयो। कानूनमा सीमित रहेको यो क्रम २०५३ मा भएको भूमिसम्बन्धी चौथौ संशोधन भूमिहीन र लामो समयदेखि जोताहाका रुपमा रहेका कृषकका लागि घातक सावित भयो। एकवर्षको बाली लगाएपछि मोहियानी कायम हुने विगतको कानून ठीक उल्टो दिशामा उभिई मोही कायम भइसकेकाहरूको हकमाबाहेक नयाू मोही कायम हुने अवस्था समाप्त गरियो।  यसले जमिनमा पाइला टेक्ने नपर्ने र आफ्नो स्वामित्वको जग्गा कहा पर्छ भनी थाहा नपाउने वर्गका लागि अरु थप जग्गा ओगट्ने अवसर प्रदान गर्‍यो। सुधारकै नाम दिएर २०५८ मा पनि प्रति परिवार जग्गाको हदबन्दी कम गरेर कानून बनाइयो तराईमा सबै उद्देश्यका लागि ११ बिगाह, पहाडमा ३० रोपनी र उच्च पहाडि भागमा ७५ रोपनी कायम गरियो। मोहियानीका विषयमा नबोलिएको र हदबन्दीको जग्गा कुन परिमाणमा हुन सक्ला भन्ने अनुमान सम्म नगरिएको पछिल्लो उक्त कानूनले पनि विगतमा जस्तै दराजमा थन्किने शिवाय तात्विक असर पार्न सकेन।

### तथ्यांकमा भूमि र कृषकको नालीबेली

- नेपाल जीवनस्तर मापन सर्वेक्षण १९९६ का अनुसार ४० प्रतिशत साना सीमान्त (कृषकसँग कुल जोतिएको जमिनको ९ प्रतिशत मात्र अंश छ।
- मझौला कृषकहरू ४६ प्रतिशतसूग ४३ प्रतिशत जमिन र ठूला १३ प्रतिशत कृषकले ४८ प्रतिशत जमिन ओगटेको देखिएको छ।
- प्रतिपरिवार औषत ५.४४ व्यक्ति रहेको परिवारमा राष्ट्रिय औषत (सबै तहका कृषक मिलाउदा) १.०९ हेक्टर (अर्थात् झण्डै १५ रोपनीं) जग्गा पर्न आउँछ।
- जोतिएको कुल जमिनमध्ये १५.३ प्रतिशत मोहियानी ठेक्का पट्टामा रहेको थियो।
- २०५८ मा सम्पन्न जनसंख्यागणना (अभलकगक) अनुसार ४१ लाख ७४ हजार ३७४ कृषक परिवारमध्ये २४.४ प्रतिशत ( १० लाख २० हजार २९० परिवार) भूमिहीन छन्। झण्डै ४ लाख ५० हजार मोही निस्सा रहित छन्।

यी तथ्यांकबाट एउटा कृषक परिवारको खेतीपातीबाट हुने आम्दानी ज्यादै दयनीय देखिन्छ। २०६० को खेतीबालीका आधारमा औषत उत्पादकत्व २.२ मेटिकटन प्रतिहेक्टर रहेको थियो। औषत जोतिएको जमिन र उत्पादकत्वका आधारमा २.४ मेट्रिकटन उत्पादन हुने र प्रतिव्यक्ति उत्पादन ०.४ मेट्रिकटन हुन जान्छ। यसै तथ्यका आधारमा अधिया ठेक्कामा कमाउनेका लागि त ठीक आधा अर्थात् ०.२ मेट्रिकटन प्रतिव्यक्ति अन्न पर्न आउने देखिन्छ। कृषि कार्यबाट मात्र पारिवारिक गुजारा नचल्ने अवस्था प्रष्ट भएको छ। खेतीका लागि आवश्यक

क्षेत्रफल जग्गा प्राप्त हुन नसकेको प्रष्ट छ। कुल गार्हस्थ उत्पादनको ३९.६ प्रतिशत अंश ओगट्ने कृषिक्षेत्रको प्रमुख भूमिका खेतीपातिको छ। भूस्वामित्व विषयक नीति त्यसको अव्यवहारिक फितलो कार्यान्वयनपक्ष नेपालमा सामाजिक आर्थिक परिवर्तनको द्योतक बन्नपुगेको छ।

## भूमि व्यवस्थाले उब्जाएका मुद्दाहरू

- आर्थिक गतिविधिको मेरुदण्डका रुपमा रहूदै आएको भूस्वामित्वको प्रश्नले अर्धसामन्तवादी चरित्र धारण गरेको छ। यसबाट जग्गा ओगट्ने र त्यसको आम्दानी अन्य क्षेत्रमा प्रयोग गर्ने प्रवृत्ति बढेको छ। अनुपस्थित भूमिपति ९बदकभलतभभ बिलमयिचमष्क० का हैसियतले मोहीको आम्दानी बटुल्ने तर बाध्यात्मक अवस्थामाबाहेक मोहियानी हकमा प्रतिबद्धता नजनाउने प्रवृत्तिले मोहिको अनिश्चितता बढेको छ। हरूवा, चरुवा र अस्थायी श्रमको प्रयोगद्वारा उब्जनी लिइने हूदा उत्पादकत्व वृद्धिका कारकहरूको अधिकतम यत्न हुन   सक्दैन।
- कृषिमा थप लगानी हुदैन र ग्रामीणक्षेत्रको वित्तीय साधन शहरीक्षेत्रतर्फ आप्रवाह भई शहर गाउूको आर्थिक असमानता बढ्दै गएको छ। थप लगानीको अभावमा ग्रामीणक्षेत्रको आर्थिक संभाव्यता खुम्चने तर, शहरीक्षेत्रमा विकसित हुँदै गएका उपयोगी ९गतषष्तिथ० सेवा, शिक्षा, स्वास्थ्य र सुरक्षाको न्यूनतम प्रत्याभूतिका कारण जनघनत्व गाउूमा पातलिदै जाने र शहरले  थाम्नै नसक्ने गरी अव्यवस्थित बस्ती बढ्दै जाने गरेको छ।
- भुस्वामित्वमा अन्यायपूर्ण चाूजो विद्यमान भएकाले भूमिबाट प्राप्त हुने आम्दानीकै हैसियतमा शैक्षिक अवसर र राजकीय प्रशासन ९कतबतभ बम्फष्लष्कतचबतष्यल० मा हैकम रहने गरेको छ। यस्तो चलनले बहुसंख्यक श्रमिक परिवार राज्यव्यवस्थाले प्रदान गर्ने अवसरबाट अलग्गिन पुगी नागरिक समाजमा शासक र शासितमा परिणत हुन वाध्य छन्।
- आर्थिक सामाजिक रुपले पछि परेका घरपरिवारका महिला सदस्यहरूको अवस्था झनै संवेदनशील र जटिल रहने गरेको तथ्य पुरुष प्रधान परिवारिक बनोटले पनि इंगित गर्दछ भन्ने कुरा अस्थायी श्रमिकका रुपमा भूमिपतिहरूमा आश्रित परिवारमा घटित घटनाले पनि उजागर गर्दछ।
- आर्थिक र सामाजिक रुपमा सिर्जना हुने विभेदले राजनैतिक द्वन्द पनि निम्त्याएको छ। भू-स्वामित्वको इतिहास बजार व्यवस्थामा आधारित भएर सामन्तवादबाट अर्धसामन्तबादमा गुज्रूदै अब पूजिवादमा परिणत गराउने चक्रव्यूहउपर सचेत नागरिकले औंला ठडयाउने अवसर सिर्जना भएको छ।
- समग्रमा आर्थिक वृद्धिको हिसावले जमिनको स्वमित्वमा अनिश्चितता रहूदा खेतीपातीको निरन्तरताबाहेक स्थायीरुपले उत्पादन बृद्धिका उपायहरू अल्पकालिन, दीर्धकालीन कुनै पनि उत्साहहीन हुन पुग्दछन्। यस्तो अनिश्चितताले यदाकदा जमिनले थेग्न सक्ने वालीचक्र पनि अनुशरण गर्न जागर नलाग्ने हुन जाँदा उत्पादकत्वमा ह्रास आई राष्ट्रिय उत्पादनमा नकारात्मक असर पर्न जान्छ।
- कृषिमा व्यवसायीकरण यान्त्रिकरण गर्न जोत्नेको हक दैयामा नआएसम्म संभव हुदैन। जतिनै यान्त्रिकरण भए पनि कृषि श्रमयुक्त कृयाकलाप भएकाले जुनसुकै प्रावधानको श्रम व्यवस्थापन करार ज्यालादारी, मौसमी काम भए पनि उपलब्धिमूलक हुन सक्तैन।
- विश्व व्यापार संगठनमा प्रवेश गर्ने चरणमा पुगेको नेपालले कृषिको दिगो विकासका लागि भूमिको समस्या समाधान नगरेसम्म कृषिमा आधारभूत परिवर्तन ल्याउन सक्तैन। प्रतिस्पर्धामा स्थिर रहनका लागि सुनिश्चित उत्पादन र बजार प्रणाली नभएमा संभव रहन्न।
- भू स्वामित्वको असमान पद्धतिले जन्माएको विकृतिले भूमिहीनलाई मात्र होइन जमिन्दार वर्गलाई पनि पिरोलेको छ। जमिन्दारहरू जमिनको स्वामित्वबाट अलग हुन पर्ला भनी आफ्नो अर्धाङ्गिनीसूग पनि कृतिमरुपले वैवाहिक सम्बन्ध विच्छेदको नाटक रचेका घटनाहरू सञ्चार माध्यममा व्यापक भएका छन्। कानूनीरुपले विच्छेद भएपछि पारिवारिक विकृति ल्याउन मनोवैज्ञानिक र व्यवहारगत समस्या खडा हुने गर्दछन्।

## समाधान के हुन सक्छ ?

- भूमिलाई उर्वरश्रोतका रुपमा लिई त्यसलाई सम्मान गर्न सक्षमले मात्र उपयोग गर्न पाउने नीतिलाई सर्वमान्य सिद्धान्तका रुपमा ग्रहण गर्न सक्नुपर्दछ। वस्तुका रुपमा बजारमा ल्याईदा विकृति सिर्जना हुन

सक्तछ। खेतीयोग्य, उद्योगधन्दा स्थापनाका लागि विशेष क्षेत्र र शहरी वसोवासका लागि जमिन छुट्याएर जमिन  जोत्नेको गरिनुपर्दछ।

- भूमिमा अन्तिम स्वामित्व राज्यको भन्ने नैसर्गिक सिद्धान्तलाई मान्यता दिई गैरहाजिर भूमिपति र बाझो राख्नेहरूको जमिन राष्ट्रियकरण गरी भूमिहिन तर कृषि पेशामा संलग्न श्रमिकहरूलाई निश्चित मापदण्डका आधारमा वितरण गरिनु पर्दछ।
- माटोको प्रकृति, हावापानी र जलस्रोतको उपलब्धताका आधारमा वैज्ञानिकवालिचक्र निर्धारण गरी उत्पादन वृद्धि र आपूर्ति सुनिश्चितताको नीति अनुशरण गरिनु पर्दछ। भू-उपयोग नीति एंव पूर्वाधार विकाससँग अन्य समर्थन सेवाबीच समन्वय राखिनु पर्दछ।
- भूमि सम्बन्धी कानूनको निर्माण र संशोधनमा त्यसबाट प्रत्यक्ष प्रभावित हुने पक्षहरूको संलग्नताको अभाव त्यस्ता विधिहरू अपांग हुन्छन् भन्ने कुरा मोहीयानी हक दाबी गर्ने प्रावधानको खारेजी हो। जमिन थुपार्नेलाई विधानले संरक्षण गर्दछ भने निस्कृय राखी श्रोतको दुरुपयोग गर्नेले पनि सजाय भोग्नु पर्दछ भन्ने मान्यता राख्नुपर्दछ।
- भू स्वामित्वको हद कानूनीरुपले कायम गरेर मात्र पुग्दैन कि त्यसको निश्चत अभिलेख राख्ने, अनुगमन गर्ने र आवश्यकता अनुसार जमिन दाखेल खारेज गर्ने प्रभावकारी संयन्त्र खडा गरिनु पर्दछ।

**निष्कर्ष**

भू स्वामित्व अन्ततः राज्यको हुन्छ भन्ने मान्यतालाई अहिले पनि अंगिकार गरेको सन्दर्भमा गैर कृषि पेशामा संलग्न भूमिपतिहरू, स्वामित्वको जग्गा बझ्याउने र झुठो विवरणका आधारमा जमिन हत्याउनेहरूबाट राज्यका नाममा हस्तान्तरण गरी सोही पेशामा लागेका कृयाशिल खेतीवालालाई निश्चित मापदण्डका आधारमा वितरण गरिनु पर्दछ। भू-उपयोग नीतिका आधारमा उत्पादन वृद्धि र कृषिलाई व्यवसायीकरण गरी प्रतिस्पर्धात्मक स्थितिमा ल्याउन सामाजिक न्यायका आधारमा अधिकतम उपयोगिता लिनु पर्दछ।

# भूमि बैंकको अवधारणा र भुमि अधिकारको सवाल

● जगत देउजा
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

नेपालीहरूको जीविकाको मुख्य जग कृषिमा अडेको छ। ७६ प्रतिशत नेपालीको बाँच्ने आधार खेतीपाती रहेको पछिल्लो आँकडाले यसलाई प्रष्ट गर्दछ। यसले जीविकाको अन्य अवशर बढ्न नसककेको पनि स्पष्ट हुन्छ। विभिन्न अध्ययनहरूले प्रकाशित गरेको आकडाँ अनुसार नेपालमा अहिले दश लाख भूमिहीन परिवार कृषिमा आश्रित छन्। उनीहरू जग्गावालकहाँ अति सस्तो नाम मात्रको ज्यालामा काम गर्न बाध्य छन्। नेपालको कुल क्षेत्रफल मध्ये २१ प्रतिशत (झण्डै ३० लाख हेक्टर) जमिन खेतीयोग्य छ र प्रति व्यक्ति ०.१२ हेक्टर जमिन औसतमा पर्न आउँछ। यद्दपी जमिनको स्वामित्वमा ठुलो असमानता छ। ९ प्रतिशत धनीहरूले ४७ प्रतिशत कृषियोग्य जमिन ओगटेका छन भने ६७ प्रतिशत गरिवहरूको स्वामित्वमा १७ प्रतिशत मात्र खेतीयोग्य जमिन रहेको छ। बडाल आयोगको प्रतिबेदन २०५१ अनुसार बेदर्ताका मोहिहरू नै ४ लाख ५० हजार छन्। जस्ले बर्षौंदेखि जमीन जोतेर पनि मोहियानी हक पाउन सकिरहेका छैनन्।

हालसम्मका कथित भूमिसुधारले भूमिको मालिक बन्नबाट पनि निषेध गरेको र औधोगिक श्रमिकसरह ज्याला र सुविधा पाउन पनि नसक्ने वर्ग नै आज गरिवको रुपमा रहनु परेको छ। विभिन्न नामका विकास प्रयासका बाबजुद पनि बहुसंख्यक नेपालीको जीवनस्तरमा सुधार आउन सकेको छैन। दातृ संस्थाहरूले गरिबी निवारणका  लागि अरबौं रुपियाँ अनुदान दिने गरेका भएपनि प्राय त्यस्ता प्रयासहरू असफल भएका छन्। गरिबीको चपेटामा रहेका व्यक्तिहरू झनझन चरम गरिबीको मार भोग्दैछन्। यस्तो अवस्था रहनुको विभिन्न कारण भएपनि मुल कारण भनेको अधिकांश गरिब जोताहा किसानको भूमिमा पहुंच नहुनु नै हो।

जमिनमा आफैं श्रम नगर्ने निश्चित वर्गका मानिसहरूको पकडमा अधिकांश उत्पादनशिल जमिन रहेको अवस्था एकातिर छ भने अर्कोतिर दशौं लाखको संख्यामा भूमिहिन रहेका छन्। कृषि मजदुरको रोजगारीको सुरक्षा समेत छैन्। यस्तो अवस्थामा भूमिको पुर्नवितरण गर्नु अति आवश्यक छ। जमीनको पुर्नवितरण नगरी खाली उत्पादनका कुरालाई मात्र जोड दिएर उत्पादन बढ्दैन।

वितेको ५ दशकमा नेपालको राजनीतिक एवं नीति निर्माणको वृत्तमा गरिवी निवारणको धेरै चर्चा गरियो तर व्यवहारमा यसलाई भूमिसुधारसँग गाँसेर कहिल्यै हेरिएन। हुनत यस विचमा विभिन्न भूमिसुधारका पोकाहरू बाड्ने प्रयास नभएको भने होईन्। यसको पछिल्लो प्रयासको रुपमा २०५८ मा तत्कालिन देउवा सरकारले घोषणा गरेको भूमि सम्बन्धी परिवर्तनकारी नीति लाई लिन सकिन्छ। यो “परिवर्तनकारी कदम”को सबैभन्दा विवादित पक्ष थियो- भूमिमाथि २०२१ को ऐनले उल्लेख गरेको हदबन्दीको सीमा घटाउनु। यो ऐनअनुसार पूर्व कानूनमा तराई, उपत्यका र पहाडी क्षेत्रमा कायम गरिएको हदबन्दीको सीमालाई कम गरेर घर-घडेरीसहित क्रमशः ११ विगाहा, ३० रोपनी र ७५ रोपनीमा झारिएको थियो। मोही हकका सम्बन्धमा पाचौं संशोधनले कुनै नयाँ काम गरेको थिएन। चौथो संशोधनलाई नै निरन्तरता दिएको थियो।

उक्त घोषणाले देशभर त्यसले एउटा तरंग पैदा गऱ्यो। जमिन लुकाउन कयौंले सम्बन्ध विच्छेदको नाटक गरे। भलै १ विगाहा जमिन सरकारीकरण भएन। त्यसको साढे दुईवर्षपछि पुनः भूमिसुधारको नयाँ कार्यक्रमको घोषणा थापा सरकारले गर्न आवस्यक गृहकार्य गरिरहेको कुरा सञ्चारमाध्यममा आएको छ। जसमा भूमि बैंक स्थापना गरी जमिन बेच्न ईच्छुक जग्गावालको जग्गा सरकारले खरिद गरी भूमिहिनहरूलाई १५ वर्षे किस्ताबन्दीमा बिक्री गर्ने मुख्य कार्यक्रम रहेको छ। मुलुक र जनताको सरोकारको विषय रहेको भूमि व्यवस्थापनको क्षेत्रमा जुनसुकै कदमले महत्व राख्नु स्वभाविक हो। प्रस्तावित सरकारी कार्यक्रमले नेपालको वर्तमान स्थितीमा तलका प्रश्नहरू उब्जाएको छ।

- भूमिहिनलाई जमिन उपलव्ध गराउने अन्य विकल्प हुँदाहुँदै जग्गा किनेर बेच्ने भूमिसुधार जनमुखी हुन सक्दैन्। यो केही जमिन्दारलाई हदवन्दीबाट उन्मुक्ति दिने योजना हो। हैन भने किन अरु विकल्पलाई छोडेर जग्गा किनेर बेच्ने कार्यक्रम ल्याउन खोजीयो ? हदवन्दीलाई किन कार्यान्वयनमा ल्याईदैंन ?
- देशमा ७, ८ लाख परिवार भूमिहिन रहेको सरकारको अनुमान छ। अरबौं ऋण लिएर २५ हजार परिवारलाई जमिन बेच्ने योजना अत्यन्त सतही छ। साथै समग्र भूमिसुधारको पाटोसँग जोडिएर आएको छैन। यो कार्यक्रम ल्याउनु पर्नुको खास कारण के हो ? यस अगाडि के के अभ्यासहरू भएका छन् ? भूमिहिनको स्पष्ट पहिचान र समग्र सवै भूमिहिनलाई समेट्ने रणनीति पहिलो आवस्यकता हो। यो कतै चाल्नोमा पानी बोकेको जस्तो त हुने होईन ?

- तराईमा धेरै भुमिहीनहरूसँग नागरिकता छैन्। नागरिकता नहुनेले जग्गा पाउने हुन वा होइनन ? यो सवाल पनि स्पष्ट हुन आवश्यक छ।
- जग्गा ऋणमा किन्न लगाएर गरिबलाई जग्गाको मालिक बनाउन सकिदैंन। यो सामाजिक न्यायको दृष्ट्रिमा पनि सहि ठहरिदैंनन्। राज्यले आफ्नो भूमी खरिदमा विदेशी ऋण लिने की नलिने ?
- यस भन्दा अगाडि भएका कानुनी कुराको कार्यान्वयन नगरी भूमि वैंकको कुरा गर्नु कत्तिको गरिवी निवारण गर्न सक्ने पाइला हो ? यति ठुलो संख्यामा रहेको सुकुम्बासी र गरिवलाई सरकारले जग्गा किनेर दिन सक्छकी सक्दैन ? के भूमिहिनलाई जग्गा दिने अरू उपाय छैनन ?

**विकल्पहरू**

यो घोषणाले हदवन्दीको अवधारणालाई नै अन्त्य गर्ने प्रयासतर्फ संकेत गरेको छ। यो कानुनी रुपमा मोहीयानी हकको अन्त्य गरेर २०५३ सालमा जमिन्दारलाई दिइएको राहत पछिको अर्को प्याकेजको रुपमा आएको छ। भूमिहिनलाई जमिन दिने विकल्प नभएर यसो गरिएको भए भन्नु केही थिएन्। भुमिहिनलाई जमिनको मालिक बनाउने प्रशस्त विकल्पहरू रहेका छन्। त्यसमध्ये केही यस अनुसार छ।

(क) २०५१ सालको भूमिसुधार मन्त्रालयको प्रतिवेदनले सरकारी रेकर्डमा ३ लाख ७५ हजार दर्तावाल मोही रहेको उल्लेख गरेको छ भने भूमिसुधार तथा व्यवस्था विभागले आ.व. ०५७/५८ मा लिएको ३५ जिल्लाको रेकर्डमा २ लाख ८८ हजार २६१ दर्तावाल मोही रहेको जनाईएको छ। यसबाहेक विभिन्न तथ्याङ्कले चार लाख ५० हजार परिवार वेदर्तावाल मोही रहेको आँकडा प्रस्तुत गरेका छन्। यसरी अरुको जमिन जोत्नेमा अधिकांश भूमिहिन, दलित र गरीव परिवार रहेका छन्। जोताहा किसानलाई जोतभोगको आधारमा मोहियानी हक दिनेहो भने झण्डै २ लाख भूमिहीन परिवारले जोतिरहेको जग्गाको आधा हिस्सा प्राप्त गर्नेछन्।

(ख) मोही लागेको जग्गा हाल जग्गावालले मोहीलाई डर धाक देखाई, प्रमाणहरू लोप गराई कानुनी रुपमा मोहीले पाउने आधा जग्गा नदिई मोही लगत लगत कट्टा गरेर थप भूमिहिन बनाउने चलन व्यापक बनेको छ। यसको अन्त्य गर्न गाउँ गाउँमा टोली खटाएर आधा जग्गाको स्वामित्व प्रदान गर्नुपर्दछ।

(ग) बासको लागि सबैलाई जमिन आवस्यक भएपनि खेती गर्ने जमिन जोताहाको हातमा हुनुपर्दछ र उसले उत्पादन बढाउन आवस्यक सवै कार्य गर्नुपर्दछ। मोही र जगगावाल विच जग्गा बाँडफाँड गर्ने क्रममा हुन आउने आधा जग्गा मोहीले किनोस् भने सरकारले मोहीहरूलाई ऋणको व्यवस्था गर्नुपर्दछ। जुन व्यवहारीक पनि हुन्छ।

(घ) हदवन्दी भन्दा बढिको जग्गा सरकारीकरण गर्न कडा कदम चालिनुपर्दछ। यसबाट सरकारीकरण हुन आएको जग्गा भूमिहिन तथा भूमिहिन जोताहा किसानलाई वितरण गरिनु पर्दछ र त्यसरी वितरण गरिने जग्गाको न्यूनतम उत्पादन दर कायम गरिनुपर्छ।

(ङ) हाल अधिराज्यभर खेतीयोग्य जमिनको २० प्रतिशत जमिन बाँझो रहेको अनुमान गरिएको छ। यस्तो बाँझोजग्गालाई प्रयोगमा ल्याउनुपर्दछ। उद्योगको नाममा राखिएका जग्गाहरू प्रयोगमा नआएको भए त्यस्ता जग्गाहरू प्रयोगमा ल्याउन निश्चित समय दिई उक्त समय भित्र प्रयोगमा नल्याएमा त्यस्ता जग्गा खोसी प्रयोगमा ल्याउनुपर्छ।

(च) खासगरी तराई क्षेत्रमा ऐलानी जग्गामा बसोबास एवं खेतीपाती गर्नेको संख्या ठुलो छ। यस्ता जग्गाहरू घरायसी कागजको आधारमा किनवेच हुने गर्दछ। यीनीहरू मध्ये कयौंको रैकर जग्गा छैन। रैकर जग्गा नहुँदा जग्गामा थेर थोर पहुँच भएर पनि उनिहरू भूमिहिन रहनु परेको छ। यस्ता जग्गाहरूको स्वामित्व र प्रयोग सम्वन्धी स्पष्ट नीति ल्याई वर्षौंदेखि भोगचलन गरिआएका, मतदाता नामावली र अन्य विकासका पूर्वाधारहरू भएका स्थानको जग्गा एक निश्चित मापदण्ड तोकेर भोगकर्ताकै नाममा दर्ता गरिदिनेहो भने पनि भूमिहिनको संख्यामा ठुलो कमी आउनेछ। यसबाट राज्यले थप भूमिकर समेत प्राप्त गर्न सक्छ। आफ्ना नाममा जमिन प्रशस्त भएर पनि ऐलानी जग्गा हडप्नेहरूलाई भने त्यस्तो जग्गाको स्वामित्व दिनु हुदैंन।

**हाम्रो प्रस्ताव**

भमिसुधारको लागि साँचै केही गरौं भन्ने सरकारको मनसाय हो भने भूमिहिन गरिबलाई जमिन दिन सकिने व्यवहारिक विकल्पहरूलाई पहिले कडाईका साथ कार्यान्वयनमा ल्याउनुपर्छ। यस कार्यान्वयनको साथमा भूमी बैंकको अवधारणालाई सँगै लाने हो भने पनि यस अगाडि नै प्रयाप्त तयारी गरिनुपर्छ। जो गरिव छन् उनीहरू नै भुमिहिन र विपन्न छन्। जो भुमिहिन र विपन्न छन् उनीहरू नै स्वास्थ्य, शिक्षा लगायत आधारभुत आवस्यकताका कुराहरूबाट बन्चित छन्। गरिवी निवारणका कुरा छुट्टै भुमिसूधारका कुरा छुट्टै हैाइन यसलाई

सँगसँगै लान सकेमा मात्र भुमि सुधारका माध्यमाबाट गरिवी निवारण गर्न सकिन्छ । यो अन्य देशको अनुभवले पनि देखाईसकेको छ । भूमिसुधारलाई अव टुक्रे मोडेलमा होईनसमाजिक न्याय र उत्पादन वृद्धिसँग जोडेर समग्रमा हेरीनु पर्छ । भूमिसुधारलाई सामान्य र सस्तो लोकप्रियताको लागि मात्र लिने हो भने त्यसले कुनै परिणाम दिदैंन ।

# उत्पादकत्व बृद्धि गर्न भूमिहीनहरुलाई सक्षम तुल्याउने
## सरकारी भूमिसुधारप्रस्तावको समीक्षा

● प्रा. डा. कैलाशनाथ प्याकुरेल

नेपालका भूमिहीन परिवारलाई उत्पादनशील सम्पत्ति पाउन सक्ने तुल्याउने भूमिसुधार मन्त्रालयका प्रस्तावनालाई सर्सती नियालदा निम्नलिखित बूंदाहरू पाइन्छन् ।

विकासक्षेत्र अनुसार, सबैभन्दा बेसी भूमिहीन परिवारको प्रतिशत (कूल परिवारको अनुपातमा) मध्यमाञ्चलमा र सबैभन्दा कम सुदूरपश्चिमाञ्चलमा देखिन्छ ।

**तालिका**

| विकास क्षेत्र | कूल परिवार | भूमिहीन परिवार | | |
|---|---|---|---|---|
| | सख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पूर्वाञ्चल | १०००३५८ | २४ | २८८५८३ | २९ |
| मध्यमाञ्चल | १४६५७५३ | ३५ | ४७६८७६ | ३२ |
| पश्चिमाञ्चल | ८६३०४५ | २१ | १५२५४४ | १८ |
| मध्यपश्चिमाञ्चल | ४७९८१७ | ११ | ६६१७६ | १३ |
| सुदूरपश्चिमाञ्चल | ३६५४०१ | ९ | ३६१०९ | १० |
| | ४१७४३७४ | १०० | १०२०२८८ | |

नेपालमा कूलपरिवार संख्या - ४१,७४,३७४
भूमिहीन परिवार संख्या - १०,२०,२८८ (२४ प्रतिशत)

यसरी नेपालमा भुमिहीन परिवार २४ प्रतिशत देखिन्छ। जनसंख्याको हिसाबले यो ५४,६०,०८१ हुन आउँछ ।

नेपालको कूल गार्हस्थ उत्पादनमा कृषि क्षेका हिस्सा २०४४/०४५मा ५० प्रतिशतबाट २०५९/०६० मा यो घटेर ४० प्रतिशत पुगेको छ । तर कृषिमा निर्भर व्यक्तिःहरूकोप्रतिशत भने घटेको देखिंदैन । आर्थिक रुपमा सक्रिय जनसंख्याको ६५प्रतिशत पुरै कृषिमा आधारित छन् । अर्कोतिर बिडम्बना विगत ४० वर्षको आंकडा केलाउने हो भने कृसिष उत्पादकत्वमा बृद्धि हुन सकेको छैन । खासगरी भूमिहीन परिवार या त न्यूनतम ज्यालादारीमा कृषिजन्य काममा संलग्न भएको हुनपर्दछ या शहरी क्षेमा ज्याला मजदूरकि खोजीमा नै पीडादायी जीवन बिताईरहेको हुनुपर्दछ । यस्तो स्थितिबाट ती भूमिहीन परिवारको जीनसतर उकास्नु वाञ्छनीय देखिएकोले र यस्ता गरीब परिवरलाई नै भूमिमा स्वामीत्व दिलाउन सके एकातिर उनीहरूको जीवनस्तर सुध्रिन सक्ने र अर्कोतिर जमिनको पनि उचित सदुपयोग भई उत्पादकत्व मा बृद्धि हुनसक्ने भएकोले खेती नगरी जमिन ओगटेर राखिरहने प्रवृसित्तलाई समेत हतोत्साहित गर्ने व्यवस्थाको परिकल्पना प्रस्तावनामा देखिन्छ ।

प्रस्तावनामा ग्रामीण क्षेत्रमा भूमिको पुनवितरण बजार व्यवस्थालाई नै छोड्ने र जमिनको हदबन्दीलाई पुनः घटाउँदा कृषि उत्पादकत्वमा ह्रास आउन उने हुनाले यस्ता गर्न नहुने पनि उल्लेख छ । प्रस्तावनाका अन्य बूंदाहरूमा सरकारले प्रतिहेक्टर जमिनको मोल ठाउँ अनुसार तोक्ने, जग्गाधनीले तोकिएको सरकारको अंगलाई बेच्ने जग्गाको मोल रु, ५० हजार भन्दा बेसी भए ३ किस्ता सम्ममा भुक्तानी दिने भूमिहीनहरूले जग्गाको लागि निवेदन दिने क्रमै अनुसार जग्गा बिक्रि गर्ने र २० किस्ता सम्ममा भुक्तानी गर्नुपर्ने, भूमिबैंकको स्थापना गर्नै र ५ प्रतिशत ब्याजदरमा ऋण दिलाउने आदि कुरा उल्लेख गरिएको छ ।

यो काम पनि चरणबद्धरुपमा गर्ने र प्रथम चरणमा सदूरपश्चिम र मध्यपश्चिममा २ बेग्लाबेग्लै भूमि बैंकमाफर्त यी कामहरू गराइने । यो चरणमा सुदूरपश्चिमाञ्चलमा १०, हजरा परिवार र मध्यपश्चिमाञ्चलमा १५ हजार परिवारलाई स मावेश गराउने । यसरी कूल २५ हजार बिगाहा जमिन भूमिबैंकले किनेर ५ प्रतिशत ब्याजमा वितरण गर्ने । यसरी यो ३ वर्षीय प्रचम चरणमा कप्रतिवर्ष ७० करोड जतिका प्रक्षेपण गरिएको छ ।

प्रस्तावनामा के पनि उल्लख छ भने नेपालमा कुनै पनि यस्ता कार्यक्रमहरू चर्चित हुन्छन तर कृही अवधिपछि भ्रष्टाचारले ग्रसित भई असफल हुन्छन्। यसैले गर्दा ऐतिहासिक तथ्यलाई दृष्टिगत गर्दै र शिक्षालिंदै कार्यक्रम कार्यान्वयनका लागि प्रत्येक चरणमा सावधानीपूर्वक दम चाल्नुपर्ने उललेख छ। खासगरी भूमि स्वामीत्व सम्बन्धी तथ्यांक वैज्ञानिक ढगबाट कम्प्युटरमा राखिनुपर्ने उल्लेख छ।

यस प्रस्तावनाको अन्तिम पानामा ४ प्रमुख खतरा र तिनको निराकरणको सुझाव पनि उल्लेख गरिएका छन्।

| खतराहरू | निदानका उपायहरू |
|---|---|
| १. तोकिएको मल्इमा आफनो जमिन बेच्न कोही तैयार नहुने | भूमिबैंकलाई जमिन अधिग्रहण गर्ने अधिकार दिइनुपर्ने |
| २. किन्ने मानिसको कमी र भूमिबैंकमा जमिनको थुप्रो लाग्नु | पूरै जमिन किी नहुञ्जेल जग्गा बेच्नेलाई पुरा भुक्तानी नर्नि |
| ३. किन्ने मानिस पुरा भुक्तानी नगरी भाग्न सक्छ | उसको कर्जा माफी गर्ने र जग्गा पुनः लिई बिक्री गर्ने |
| ४. भूमिबैंकका कर्मचारीले जमिन किनबेच गर्दा घुस खाने | कर्मचारीहरलाई राम्रो तलब स्केल हुनुपर्ने। (३ जना बोर्ड सदस्य र कार्यकारी प्रमुखहरूलाई मासिक रु. ७५ हजार सम र कम तलब हुनेको प्रति महिना रु. ८ हजार भन्दा नघटाईने। |
| | सबै कर्मचारीलाई निशुल्क बस्ने सुविधा दिने भूमिबैंका सबै तलबी व्यत्तिःहरूले आफ्नो सम्पत्ति विवरण नियुत्तःी हुंदा नै बुझाउनुपर्ने छ। |

## विश्लेषण

नेपालमा प्रत्येक चार परिवारमा १ परिवार भूमिहीन छन् र बहुसंख्यक जनतालाई हातमुख जोर्न कृषिमा नै आधारित हुनुपर्ने स्थिति छ। नेपालमा प्रजातन्त्र आएको आधा दशक बितिसक्दा पनि औद्योगिककीकरणको दिबचातिर नेपाली समाज उन्मुख भएको देखिंदैन। रोजगाकारीका वैकल्पिक क्षेत्र पनि छैनन्। न त मानवीय विकासको स्तर नै सन्तोसजनक छ। यसरी बहुसंख्यक नेपाली विकासका साधन र श्रोतहरूको पहुँचबाट टाढा त छँदैछन् उसैमाथि गरिब भूमिहीन परिवार त झनै विपन्न वर्गमा पर्दछन्। यिनीहरूप्रति लक्षित गरी प्रस्तावनामा गरिएको कार्यक्रम आवश्य नै प्रशंसनीय छ तर यो त्रुटीपूर्ण पनि भएकोले निम्न केही बुँदाहरूले आफ्नो भनाई पुष्टि गर्न चाहन्छु।

- यो प्रस्तावित कार्यक्रममा कूल १०, २०,२८८ भूमिहीन परिवारमध्ये प्रथम चरणमा २५ हजार परिवार अर्थात् २ प्रतिशतलाई मात्र जमिन वितरणगर्ने कार्यक्रम रहेको छ र यसको लागि २ अरबरुपैइँ चाहिने ललख छ। यो प्रस्तावनाकाले कुन भूमिसुधारको कार्यक्रमको रुप नभई फगत जग्गा किनबेच गर्ने मात्र कार्यक्रम भएको झझल्को दिन्छ।
- निल्नु न ओकल्नुको स्थितिमा जमिन ओगटेर बसेका भूमिपतिहरूलाई आफ्नो जमिन बेच्ने एउटा सुवर्ण मौका सरकारले मिलाएको देखिन्छ। जहाँसम्म भूमिहीनले त्यो जमिन किन्ने कुरा छ, जमिन ऋण बोकाई किन्न लगाउने र खेती गर्नलाई चाहिने अन्य आवश्यक सामर्ग्रीको कुनै उल्लेख नहुँदा प्रस्तावना अपूरो छ।
- नेपालमा जमिनको वितरण ज्यादै असमान भएको तथ्यांक छ्याप्छयाप्ती उपलब्ध छन्। २०४८ को राष्ट्रिय कृषि जनगणना अनुसार पनि कूल २७ लाख कृषक परिवार २६ लाख हेक्टर भूमिमा आश्रित छन्। १ हेक्टर जमिन भन्दा कम जमिन हुने किसानहरू ७० प्रतिशत छन्। जसको स्वामीत्व केवल कृषि भूमिको ३० पतिशत भूभाग पर्दछ। अर्कोतिर ५ हेक्टर भन्दा बढी जमिन हुने भूमिपति सिर्फ १.५ प्रतिशत रहेका छन् तर यिनले खेतीयोग्य जमिनको १४ प्रतिशत ओगटेका छन्।
- यस्तो असमानता, सामाजिक न्यायको दृष्टिले उचित छैन। जहाँसम्म न्यूनत हदबन्दी घटाउँदा उत्पादकत्वमा ह्रास आउने कुरा प्रस्तावनामा उल्लेख छ त्यो पनि सर्वथा असत्य हो।
- चीन जापान, दक्षिण कोरिया, ताइवान यी सबै देशमा भूमिसुधार कार्यक्रम लागु गरिएको र हदबन्दीमा सबै देशमा उत्पादकत्व बढेको तथ्यांक बडाल आयोगको प्रतिवेदन नियाल्दा स्पष्ट हुन्छ।

- नेपाल राष्ट्र बैंकको ग्रामीण कृषि कर्जा सर्वेक्षण २०४८ ले पनि १ हेक्टर भन्दा कम जमिनमा सबैभन्दा बेसी बाली सघनता (१६६पतिशत) र सबैभन्दा ठूलो आकारको जमिन (५ हेक्टरभन्दा बेसी) मा सबैभन्दा कम बाली सघनता (११७प्रतिशत) देखाउँछ । त्यसैले प्रस्तावनामा उल्लेखित तर्क बस्तुगत छैन ।
- प्रस्तावनामा जग्गाधनीले जमिन नबेचेमा भूमिबैंले अधिग्रहण गर्ने प्रावधान हुनुपर्ने सुझाउ दिएको छ जुन नेपालको वर्तमान सम्बिधान अनुकुल छैन ।

## निचोड

नेपालको भूमिहीन किसा परिवारलाई खेती किसानीमा नै स्थापित गराउन श्री ५ को सरकारले ल्याउन खोजेको प्रस्ताव एउटा वैकल्पिक उपायको रुपमा लिन सकिन्छ । तर यो जमात त्यही १ हेक्टर भन्दा कम जमिन हुने ७० प्रतिशत किसानहरूमा थपिन गई यिनको पनि उस्तै दुर्दशा हुन नपाओस र भूमिबैंकको स्थापना सिर्फ धनी भूपतिहरूलाई क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागु हुन अघि नै हदबन्दी छल्ने मौकाको रुपमा प्रयोग नहोस् भन्ने कुरामा सबै न्याप्रेमी निर्णयकारहरू चनाखो हुनुपर्ने देखिन्छ ।

# बजार केन्द्रित भूमिसुधार आवश्यक छ

• हरिकृष्ण उपाध्याय
**सदस्य, राष्ट्रिय योजना आयोग**

वर्तमान सरकारले ल्याउन खोजेको भूमिबैंकको प्रस्तावमा मेरो संलग्नता नभएको शुरुमा जानकारी गराउन चाहन्छु। मैले भूमिसुधारका सम्बन्धमा र भूमिबैंकको स्वरुपका बारेमा आफ्ना धारणाहरू राख्न गइरहेको छु।

विगत लामो समयदेखि भूमिसुधारसम्बन्धी सरकारी प्रयासहरू थालिएपनि भूमि सवाल अफै विद्यमान रहनुले वर्तमान प्रस्तावलाई लिएर आशंका जन्मिनु स्वभाविकै हो। तर आशंक राख्दा पनि सही प्रकारले आउन खोजेको कुनै कार्यक्रम छ भने त्यसलाई विगतको विश्लेषणका आधारमा मात्र हेरिनु न्यायसंगत नहुने भएकोले वर्तमान सरकारको प्रस्तावलाई पनि सही बस्तसम्मत ढंगले विश्लेषण गरिनुपर्दछ।

नेपालमा भूमिसुधारका प्रयासहरू दुई कारणले असफल भएका हुन। पहिलो, नीति र व्यवहारमा प्रतिबद्धतााको कमी। दोश्रो, कार्यान्वयन नै हुन नसक्ने खालका नीति, योजना तथा कार्यक्रमहरू सार्वजनिक गरिनु। यसै आधारमा वर्तमान कार्यक्रमलाई पनि हेरिनुपर्दछ। यो नेपालको भूमि सवाललाई गम्भीरतापूर्वक बोकेर आएको छ भने यसमा प्रतिबद्धता खोजिनुपर्दछ। यो लागु नै हुन नसक्ने हो भने त्यसमा परिमार्जन गरिनुपर्दछ। सरकारी प्रस्ताव अन्तिम चरणमा नभएर प्रारम्भिक चरणमा छ। त्यसैले यसमाथि गरिएको बहस सान्दर्भिक र सही कार्यक्रम तर्जुमा गर्न सहयोगी हुने मैले विश्वास लिएको छ।

भूमिहीनता आर्थिक प्रक्रिया हो। एकपटक जग्गा हुँदैमा त्यो यथास्थितिमा रहन्। आज १, भोली १० विगतहा हुनसक्छ। भूमिहीनहरू भूमिपति र भूमिपति भूमिहीन हुनसक्छन्। यसलाई आर्थिक चक्रका रुपमा लिइनुपर्दछ। त्यसैले जमिन दिंदैमा भूमिहीनताको स्थिति समाप्त हुनसक्दैन। यसलाई यसै आधारमा हेरिनुपर्दछ।

अर्को कुरा, जमिनको माग भूमिहीनले गरेको छ या छैन ? छ भने कति छ ? दोश्रो भूमिपतिले जमिन बेच्न चाहन्छ या चाहंदैन ? यदि जमिन बेच्न चाहन्छ भने त्यो कति छ ? यो कुरा थाहा हुनुपर्दछ। भूमिहीनले जमिनको साटो अन्य विकल्पहरूको छनौट गर्न चाहन्छ भने उसलाई जमिन दिएर उसको गरिबीको अन्त्य हुँदैन। भूमि नै उसको आवश्यकता नहुन सक्छ। त्यसैगरी भुमिपतिले  पनि जमिन बेच्ने स्थिति छ या छैन ? भूमिबैंकको सवालमा यो कुरा ध्यानमा राख्नुपर्दछ।

## सहभागीका विचारहरु

# कार्यक्रम एकांकी र अधुरो छ

• **केशव बडाल**
नेपाल कम्युनिष्ट पार्टी एमाले

श्री बडाल स्वयं कार्यक्रम उपस्थिति हुन सक्नुभएन तर सरकारी कार्यक्रममाथि उहाँले लिखित टिप्पणी दिनुभएको थियो । कार्यक्रममा यो टिप्पणी वितरीत गरिएको थियो )

- भूमिुधार कार्यक्रमहरू खण्डित र घटना प्रभावित ढंगले ल्याएर हुँदैन । यस्ता कार्यक्रम एकीकृत ढंगले लागु गर्नुपर्दछ जसले सिंगै देशको लगभग ८० प्रतिथशत किसानलाई उतसाहित गर्ने र उत्पादक शक्तिलाई प्रोत्साहितगर्न सकोस् ।
- यो उद्देश्य हासिल गर्न हदबन्दी घटाउने, भूउपयोगका लागि वैज्ञानिक नीति तय गर्ने, चक्लाबन्दी गर्ने, किसानको नियन्त्रणमा रहेको गुठी जमिन रैकर गर्ने । लामो समयदेखि जोती भोगी आएका मोही किसानलाई मोहीयानी दर्ता गरी, आधा स्वामीत्व पाउने गरी दोहो नियन्त्रण प्रणालीलाई अन्त्य गर्ने, राज्य नियन्त्रणमा रहेका अलपत्र परेका जमिन, उपयोग नभएका तर उपयोगी जमिन, हदबन्दीभन्दा बढीको जमिन, राज्यलाई बिक्री गर्न प्रस्ताव गरिएको जमिनलाई सुन्यवस्थित गर्न भूमिबैंकको स्थापना गर्ने कार्यक्रम ल्याइनुपर्दछ ।
- भूमिबैंकमा संकलन भएको जमिन कुन ठाउँबाट कति प्राप्त हुन्छ र कुनुकुन भूमिहीन किसानलाई के के शर्तमा कति कति दिने सो तय हुनुपर्दछ । जसबाट जमिनप्राप्त हुन्छ र जसलाई जमिन दिइन्छ यो समयअवधि छोटो हुनुपर्दछ ताकि बाली लगाउने समय अन्तरका कारण जमिन बाँझो नरहोस । यसरी जमिनकोव्यवस्थापना गरेपछि त्यसको पर्याप्त उत्पादकत्व बढाउन सक्ने वास्तविक कृषि कार्य गर्नेकै हातमा जमिन जानुपर्दछ र त्यसमा पर्याप्त श्रम,सीप, पूंजी लगाएर उत्पादकत्व बढाउन मद्दत पुगोस् र अनुपस्थित भूमि स्वामीत्वको अवस्था रहनु हुँदैन ।
- भूमिपतिले पनि जमिनको मूल्य वापत प्राप्त हुने पैसा उत्पादककार्यमा आयात प्रतिस्थापन, र निर्यात प्रवर्धन हुने कार्यमा लगाओस् भन्ने सोच राज्यले लिनुपर्दछ ।
- जमिनलाई उत्पादक बनाउन, सिंचाई कृषि सडक, कृषि सहकारी, कृषि उद्योग र कृषि श्रमिकको विश्वास जगाउने खालको हुनुर्पछ ।र
- भूमिदिंदा भूमिहीनमध्ये दलित, पूर्वकमैया र अन्य कृषि श्रमिकलाई प्राथमिकतादिनुपर्दछ ।
- उक्त कुरालाई एकीकृत रुपले लागु गर्दा नै भूमिसुधार कार्यक्रमले बाञ्चित प्रतिफल प्राप्त हुन्छ ।
- वर्तमान सरकारले प्रस्ताव गरेको भूमि खरिद गरर भूमिहीनलाई दिने कुरा आफैमा नराम्रो कुरा होइन तर जमिन नबिकेर हैरान भएको अनुपस्थित जमिन्दारहरूको स्वार्थ अनुरुप रियल स्टेट व्यापारका रुपमा यो कार्यक्रम नजाओस् भन्ने कुारमा राज्य कति सतर्क छ ?
- आम जनताको प्रतिनिधित्व नगर्ने वर्तमान सरकारकाले जमिनको मूलय तोकदा जमिनको वितरण गर्दा, नियन्त्रण र सन्तुलन कसरीगर्छ ?
- एकातिर चुनावको चर्चा, अर्कोतिर राजनैतिक दलहरूलाई मूलधारबाट किनारा लगाउने अनि राज्यकोषबाट अरबौंको जमिन खिरिबबिक्री गर्ने कुराले के कस्ता बिकृति र प्रभाव पार्छ भन्नेतर्फ सबैले विचार गर्नैपर्छ ।
- माओवादीले गाउंगाउंका भूमिहीनहरूको भूमि उपयोग गर्न पनि नदिएको किनीगर्न पनि नदिएको पीडबाट आफ्ना कार्यकर्ताको जमिन राज्यकोषको पैसाबाट बिक्री गराउने प्रपञ्च मात्रै हाने भने यो राज्यद्वारा सञ्चालित भूमाफियाको व्यापारमा रुपान्तरित हुने खतरा पनि त्यत्तिकै रहेको छ ।
- यी सबै पक्षलाई ध्यानमा राखेर छलफल र निश्कर्ष निकाल्नु सबैका दायित्व हो ।
- फेरी पनि म दोहऱ्याउन चाहन्छु, उच्चस्तरीय भूमिसुधार आयोगले अघि सारेका समग्र कार्यक्रमलाई अघि बढाउने बाहेक कुनै उपायले समस्या समाधान गर्दैन । वर्तमान अवैधानिक सरकारको प्रस्ताव सत्ता लम्बाउने चाल र नयाँ रियलस्टेट व्यापारबाहेक अरु कुनै समस्या समाधान गर्ने खालको देखिंदैन ।

# यो दलितलाई झन्झै दलित बनाउने कार्यक्रम हो

- आहुती, दलित कार्यकर्ता

### भूमिको स्थिति

नेपालमा ४० प्रतित गरिब किसानसंग ९ प्रतिशत मात्र जोतिएको जमिन छ। ४७ पतिशत मझौला किसानसंग ४३ प्रतिशत जमिन छ। तर १३ प्रतिशत जमिन्दारसंग ४८ प्रतिशत जमिन छ। जोतिएको कूल जमिनमध्ये १५.३ प्रतिशत मोहियानी/ठेक्कामा रहेको छ। विभिन्न गुठी,मन्दिर र सामुदायिक संस्थाको नाममा १३,१४,१३३ रोपनी जमिन छ। करिब २० प्रतिशत खेतियोग्य भूमि बांझो रहेको छ। नेपालमा २४.५ प्रतिशत भूमिहीन परिवार छन्।

४ लाख ५० हजार मोही परिवारले मचोहियानी हकसमेत पाएका छैनन्।

यस प्रकारको स्थितिमा भूमि सम्बन्धमा सामाजिक न्याय गरी उत्पादन बृद्धिमार्फत राष्ट्रिय अर्थतन्त्रलाई चौतर्फि प्रगतिशील प्रभाव पार्न स्वभाविक रुपमा वैज्ञानिक हदबकन्दीबाट प्राप्त हुनेद जमिन, गुठीको जमिन र खेतियोथ्य बांझोजपमिन भूमिहीन किसान र वास्तविक मोही किसानलाई वितरण गर्नु नै सबैभन्दा सोझो र वैज्ञानिक प्रक्रिया हो। भूमिसुधारको विषय जमिन किसानलाई उपलब्ध गाउने कुरासम्म मात्र सीमित हुँदैन, बरु सिंचाई चक्लाबन्दी, वैज्ञानिक भूमिसुधारको प्रक्रिया हो। भूमिसुधारको विषय मिन किसनलाई उपलब्ध गराउने कुरासम्म सीमित हुँदैन। बरु सिंचाई, चक्लाबन्दी, वैज्ञानिक खेतीप्रणाली, कृषि बजराको विकासजस्ता क्रियाकलापसंग पनि अनिवार्य रुपमा गांसिन्छ। त्यसैगरी भूमिसुधारकै अर्को पाटोको रुपमा कृषि क्षेत्रमा खपत नजभएको श्रमलाई व्यवस्थापन गर्न वैकल्पिक क्षेत्र अर्थात् उद्योगधन्दा तथा व्यापारलाई प्रवर्द्धन गर्नुपर्ने हुन्छ। त्यसैले भूमिसुधारलाई एकल प्रक्रिया नभई समग्रतामा बुझ्नुपर्ने प्रक्रिया हो। भूमिसम्बन्धी तथ्यहरूले देखाएका यथार्थलाई समाधानल गर्न चाल्न सकिने सोझो प्रक्रियालाई नपक्रि संधैभरी छलछाम गर्दै जमिन्दारहरूकै सेवा गर्न नेपाली शासकवर्ग लागि परेकोले नै भूमिसम्बन्धी आजसम्मका नीतिहरू फगत ढोंगमा परिणत हुँदै असफल भएका छन्। वर्तमान सरकारको नयाँ नीति पनि समग्रता नपक्रिएका चोर बाटो निक्लन तयार भएको, पुराना नीतिहरूले सिर्जना गरेका विकृति र असफलतालाई छोपछाप पार्ने पछिल्लो कडी हो। यस नीतिले,

(क) आजसम्म हदबन्दीलाई छलेर लुकाईएको जमिनलाई वैधानिकता दिनेछ।

(ख) ४ लाख ५० हजार भन्दा बढी मोही परिवार मोहियानी प्राप्तीको आन्दोलनको जरा नै काटिदिनेछ किनभने ती जमिन भूमिबैंकको हातमा पुग्नेछ।

(ग) आफैले मोहीका रुपमा जातिआएको जमिन मोही किसानले त्यही जग्गा धनीसंग सरकारसंग ऋण्मा लिएर किन्नुपर्ने अत्याचारको शिकार बन्न पुग्नेछ।

(घ) लगातार ऋणको चक्रमा फंस्दै आएका किसानलाई थप ऋणमा फसाउनेछ र भूमिसुधारसंग सम्बन्धित अन्य पूर्वाधार खडा नगरिंदा किसनाहरू उब्जनीबाट ऋण तिर्ने सक्ने छैनन् जसबाट फेरि पनि किसानहरू जमिनबाट बेदखल हुने नयाँ प्रकरण शुरुआत हुनेछ।

(ङ) अन्ततः यसरी यसले २०५३ र २०५८ को संशोधित प्रतिगामी भूमिऐनले सिर्जना गरेको मोही किसानबिरोधी प्रकरणलाई पूर्णता दिंदै मुट्ठिभर जमिन्दारलाई पूंजिपतिमा बदल्ने काम बाहेक केही गर्ने छैन।

### २. नेपालको भूमि सम्बन्धमा दलित

(क) नेपालका कूल भूमिहीन, मोही किसान तथा गरिब किसानमध्ये दलितको वास्तविक तथ्यांक अझै पनि भरपर्दो गरी प्राप्त छैन तर विभिन्न संस्थाहरूले गरेका अध्ययनका आधारमा तराईका ९५ प्रतिशत दलितहरू भूमिहीन छन् भने पहाडमा २१-२५ प्रतिशत शुद्ध भूमिहीन र पाँच रोपनीभन्दा कम जमिन भएका दलितको संख्या ८३ प्रतिशत रहेको छ। आफ्नो जमिनबाट खान नपुग्ने दलितको संख्या ९४ प्रतिशत छ।

(ख) नेपालमा रहेका ३ लाखभन्दा बढी हलीहरूमध्ये १ प्रतिशत मात्रै कथित उपल्लो जातिका रहेका छन्। नेपालको सन्दर्भममा हलियाप्रथा अन्तरगतका दलित हलीहरू छद्म मोही किसानका रुपमा रहेका छन्। पुस्तौंपुस्ता खेतीको मुख्य जोत्ने काम गर्दै आएका हलीहरूले मोहियानी हक प्राप्त गर्ने स्थितिको सिर्जना हुनु जरुरी छ।

(ग) नेपालका दलितहरूमध्ये हली प्रथा अन्तर्गत ४८ प्रतिशत र बालीघरप्रथा अन्तरगत ३६ प्रतिशत बाँधिएको र ८९.८ प्रतिशत भन्दा बढी दलितहरू चर्को ब्याजको ऋणम चक्रमा फसेका तथ्यांकहरूले देखाएका छन्। बालीघरप्रथा, हलीप्रथा तथा ऋणमा फस्नुको एउटा प्रमुख कारण हो र छुवाछूत भेदभावका कारणले वैकल्पिक रोजगारीमा जानसमेत उनीहरू सक्दैनन्। त्यसैले भूमिसम्बन्धमा उनीहरूको पहुँचमा पुऱ्याउनु उनीहरूको उत्थानको प्राथमिक रणनीति बन्नुपर्दछ।

(घ) नेपालका दलितहरू समाजमा निरन्तर चलिरहने सामान्य आर्थिक प्रक्रिया ९भअयलयफष्अबा उचयअ भकक) अन्तरगत भूमिहीन हुन पुगेका होइनन् बरु नेपाली समाजमा रहेको वर्णव्यवस्था र त्इसले निर्धारण गरेको सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक सामन्ती सम्बन्का कारणले इतिहासमा संधैभरी भूमिअधिकारबाट बञ्चित हुंदै आएका छन्। नेपाली समाज वर्णव्यवस्थामा आधारित तथा निर्धारित रहंदै आएकोले नेपाली समाजलाई वर्णव्यवस्थाको कोणबाट विश्लेषण गरी भूमिसम्बन्धी नीति नबनाएसम्म दलितहरूको पहुंच भूमिमा पुग्न सक्ने देखिन्न। यस्तो दृष्टिकोणको अभावका कारणले नै आजसम्मका भूमिसुधारसम्बन्धी नीतिहरूले दलितहरूलाई मूलतः स्पर्श गर्न सकेनन्।

**सरकारको नयाँ नीतिले :**

१. नेपाली समाज वर्णव्यवस्थाको चरित्रलाई नपक्रिएकोले त्यो नीति दलितहरूको पहुँचसम्म नै नपुग्ने सम्भावना प्रबल छ।
२. पुस्तौंपुस्तादेखि हली (छद्म मोही)का रुपमा जोत्दै आएको जमिन ऋण लिएर किन्नुपर्ने अत्यचारमा दलितहरू पर्नेछन्।
३. दलितहरूको सम्बन्धमा विशेष व्यवस्था केही नगरिनाले प्रशासनिक पहुंच नहुने भएकोले जग्गा किन्दा पनि उनीहरूको भागमा कमसल जग्गा बढी पर्ने सम्भावना रहनेछ।
४. वर्णव्यवस्थामा आधारितसंरचनाले ऋणग्रस्त दलितहरू थप ऋणमा फस्नेछन्। जुन अन्यायसिवाय केही होइन।
५. उनीहरूले जमिन किनेपछि सामाजिक भेदभाव र आवश्यक पहुंचका अभावमा उब्जनीलाई नाफामा बदली सरकारी ऋण तथा ब्याज तिर्नसक्ने छैनन्।
६. अन्ततः सरकारी नयां नीति दलितसमक्ष नै नपुग्ने, पुगे पनि दलितले त्यसलाई धान्नै नसक्ने परिस्थिति खडा हुनेछ। त्यस स्थितिमा यो नयां नीतिले अन्य आवश्यक वैज्ञानिक भूमीवितरणको नीतिको ढोकासमेत बन्द गरिसक्ने भएकाले भविष्यमा दलितहरू आजकै भूमिहीनताको स्थायी प्रकोपमा बांच्न बाध्य रहिरहनेछन्।

# राजनीतिक प्रतिबद्धता नै छैन

- **जगन्नाथ आचार्य, पूर्व भूमिसुधार मन्त्री**

भूमिसुधारको लक्ष अधिकतम उत्पादनमात्र होइन। योसितै सामाजिक न्याय जरुरी रहेको छ। अहिले लाखौं भूमिहीनहरू रहेका छन्। उनीहरूलाई जमिन दिइन्न भने उनीहरूले कसरी जिविकोपार्जन गर्ने भन्ने प्रश्न उठ्छ। नेपालमा आजसम्म पनि भूमिसुधारको सवाललाई गम्भीरतापूर्वक लिइएको छैन। भूमिसुधारको ऐजेण्डा सबैजसो राजनीतिक दलहरूको ऐजेण्डा भएपनि त्यसमाथि कसैको प्रतिबद्धता देखिंदैन। नारामा सबैले यसलाई उछालेका हुन्छन्। २०१५ सालमा उन्मूलनको घोषणा भएको बिर्ता जग्गा अझैसम्म पनि उन्मूलन हुन सकेको छैन। यो प्रतिबद्धताको अभाव हो। प्रतिबद्धता नहुनुको मुख्य कारण राजनीतिक दलहरूभित्र सामन्तीहरूको बोलबाला रहनु नै हो। नीति निर्माणको तहमा भूमिपतिहरूको पहुँच रहेको छ। उनीहरूले भूमिसुधार नै गर्न दिंदैनन। मैले प्रयास गरें, तर सफल भइन। राजीनामा दिनुपऱ्यो। राजनीतिकरुपमा भूमिको अधिकारबाट बञ्चित भएकाहरूले नीति निर्माणको जिम्मा नपाउञ्जेल साँचो भूमिसुधार हुननसक्ने मेरो अनुभव रहेको छ।

अर्कोतर्फ नेपालमा भूमि लुकाउने थुप्रै बाटाहरू रहेका छन्। भूमिसम्बन्धी अझैसम्म पनि तथ्यांकहरू हामीकहाँ छैनन्। मैले मेरो मन्त्रीकालमा एउटै लालपुर्जामा सबै जग्गा देखिने व्यवस्था गर्न खोजेको हो। तर त्यो सफल हुन सकेन। भूमिसम्बन्धी सम्पूर्ण तथ्यहरू खोजिनुपर्दछ। लुकाईएको जमिन र हदबन्दीभन्दा बढी बझ्याइएको जमिन खोसिनुपर्दछ। यसलाई सामाजिक न्याय पाउने दिशामा भूआश्रितहरूलाई वितरण गरिनुपर्दछ। अनिमात्र सही भूमिसुधार हुनसक्छ।

वर्तमान सरकारले ल्याउने खोजेको कार्यक्रम सस्तो लोकप्रियता मात्र हो। अहिले गाउँमा जमिन्दार बस्नसक्ने स्थिति छैन। उनीहरू जमिन छोडेर भागेका छन्। यो स्थितिमा सरकारले ल्याउन खोजेको भूमिसुधार जमिन्दारहरूको जग्गा बेच्ने चालबाजी त होइन ? भन्ने प्रश्न उठेको छ। खान नपाउने गरिबहरूले कसरी जग्गा किन्न सक्छन ? यो जमिन्दाहरूको भूमिबचाउ र गरिबलाई शोषण गर भन्ने नारा अन्तर्गत आएको षडयन्त्रमूलक कार्यक्रम हो ।

## यसले द्वन्द्व व्यवस्थापन गर्न सक्दैन

- **डा. विष्णु उप्रेती, द्वन्द्वविद्**

नेपालमा चलिरहेको द्वन्द्वको मुख्य कारण प्राकृतिक श्रोत तथा साधनमाथिको असमान वितरण नै हो। सीमित व्यक्तिहरूको हातमा उत्पादनका साधनहरू केन्द्रित हुनपुगेको कारण नै नेपालमा विद्रोहले जन्म लिएको हो। यो स्थितिलाई अन्त्य गर्न सबैभन्दा पहिले सामाजिक न्याय र प्राकृतिक श्रोत तथा साधनहरूको सामाजिक न्यायको दिशामा पुनरवितरण गरिनुपर्दछ। यसका लागि भूमिमाथि आश्रितहरूको पहुँच भूमिमाथि हुनुपर्दछ। श्रोत तथा साधनहरूमा उनीहरूको अधिकार कायम गरिनुपर्दछ।

अहिले सरकारले मध्यपश्चिम र सुदूरपश्चिमक्षेत्रमा भूमिबैंकको अवधारणा अन्तर्गत भूमिहीनहरूलाई जमिन वितरण गर्ने कार्यक्रम सार्वजनिक गरेको छ। द्वन्द्वको सबैभन्दा बढी मार सहेर बसेका यस क्षेत्रका जनताहरूका लागि कार्यक्रम ल्याइनुका पछाडि द्वन्द्व कम गर्ने आशय हुनसक्छ। तर यो कार्यक्रमले द्वन्द्वले निकास पाउन सक्दैन।

## कानूनी बैधता नै छैन

- **मेघराज पोखरेल, अधिवक्ता**

सरकारले ल्याएको वर्तमान कार्यक्रम कानूनी हैसियतले पनि गलत छ। यो कार्यक्रमले भूमिसुधारको बैधता पाउँदैन। वास्तविकता त के रहेको छ भने नेपालका विभिन्न समयमा बनेका संविधानहरूले नै भूमिहीनताको स्थिति सिर्जना गरेका छन्। मुख्य कुरा भोगचलन गर्नेले जमिन पाउनुपर्ने हो। त्यो संरचना र प्रक्रियालाई नसुधारिकन र कानूनी हैसियत प्राप्त नगरीकन ल्याइने कार्यक्रमले सही परिणामा ल्याउँदैन। अर्को कुरा, भूमिहीनता स्थितिलाई निरन्तरता दिँदै जाने अहिलेको संरचना रहेकोले यसै संरचनाभित्रैबाट आएको कार्यक्रभम भएकोले पनि यो बैध देखिँदैन।

मोहीको बारेमा समेत विगतमा थुप्रै कानूनी गल्तीहरू भएका छन्। धरातलीय यथार्थमा लाखौं मोहीहरूले अधिकार पाएका छैनन्। जबकि मोहियानी हकको अवधारणा नै समाप्त भएको कुरा कानूनले गर्दछ। यदि भूमिहीनताको स्थिति अन्त्य गर्ने र उच्च उत्पादकत्व हासिल गर्ने हो भने मोहीहरूलाई किन हक दिइएन। साढे चार लाख बेदर्तावाल मोहीहरूलाई मोहीका रुपमा किन स्वीकारिएन। २ लाख ६८ हजार मोहीहरूलाई किन जमिनमाथिको स्वामीत्व दिइएन। द्वैध स्वामीत्वलाई कानूनी रुपमा निषेध गरिएपनि याथर्थमा त द्वैध स्वामीत्व कायम नै छ। यो तर्फ नसोचिकन भूमिबैंकको सस्तो लोकप्रियताको अवधारणा सार्वजनिक गरिएको छ।

नेपालमा भूमि लुकाउने चलन निकै व्यापक छ। २०२१ देखि विभिन्न समयमा चालिएका कदमहरूले एकातिर हदबन्दीको कुरा गरेको छ तर जमिन लुकाउन समेत कानूनी प्रावधान कायम गरिएको छ। हदबन्दीका नाममा जमिन घटाउने तर उद्योगका नाममा भने राख्न पाउने। यसले के गर्छ ? यसले ठूल्ठूला जमिन्दारहरूको जमिन लुक्न पुग्छ। साना मझौला जोतका जमिन हदबन्दीमा पर्दछन्। त्यसैले यो स्थितिलाई अन्त्य गर्न लुकाइएका जमिनहरू खोजिनुपर्दछ। कानूनमा नै यससम्बन्धी संशोधन गर्नुपर्दछ। साथै गुठी, रैकर आदिका नाममा रहेको र बाँझो जमिनलाई अधिकतम उत्पादकत्व हुने गरी व्यवस्थापन गर्नुपर्दछ। यसप्रकारका पूर्वाधारहरू तयार नभएसम्म आर्थिक प्रक्रिया भनेर जमिन किनबेच गर्ने हो भने यसले वास्तविक जोताहाहरूलाई कुनै लाभ हुन सक्दैन।

अर्कोतिर ऋण किस्ताबन्दीमा जमिन दिने हो भने ऋण तिर्न सक्ने व्यवस्थाका लागि अन्य कार्यक्रमहरू पनि त्यो सितै जानुपर्दछ। अहिलेको भूमिबैंकको प्रस्तावमा यस्तो् कुनै कुरा उल्लेख गरिएको छैन। किस्ताबन्दीमा जमिन

लिएपछि उत्पादन कसरी गर्ने ? ऋण तिर्न थप रकम कसरी खोज्ने ? बिना कुनै विकल्प गरिबी निवारण कसरी हुन्छ ? यो तर्फ सोचिनुपर्दछ ।

## भूमिसुधार असफल हुने कारणहरु खोजिनुपर्दछ

- **मुक्तिनाथ शर्मा घिमिरे**
  **महानिर्देशक, भूमिसुधार तथा व्यवस्था विभाग**

विगतमा पनि थुप्रैपटक भूमिसुधारसम्बन्धी प्रयासहरू भए । २०२१ सालको भूमिसुधारले पनि उद्देश्य त राम्रै राखेको थियो । तर सफल भएन । त्यसपछिका भूमिसुधारहरू पनि चर्चामा मात्र सीमित रहे । जमिन वितरणकै ुरा गर्दा विगतमा पनि विभिन्न व्यवस्था अन्तर्गत जमिन नबाँडिएको होइन । तर पनि भूमिमाथि आश्रीतहरूको समस्या जस्ताको तस्तै रहेको छ । भूमिसुधार सम्बन्धी हरेक छलफल र बहसले यो विषयको उत्तर खोज्नुपर्दछ । भूमिसम्बन्धी समस्या यथास्थितिमा नै रहनुका कारणहरूको खोजी गर्न सकियो भने भूमिसुधारको सफल कार्यान्वयन गर्न सकिन्थ्यो । यी असफलताका कारकहरूको खोजी नगरी ल्याइने कुनै पनि कार्यक्रम सफल हुन सक्दैन ।

## जनप्रतिनिधमूलक सरकार बिना असम्भव छ

- **भरत कुमार पोखरेल,** स्वीस वन परियोजना

प्रजातान्त्रिक शासनव्यवस्था स्थापना नभएसम्म भूमिसुधार सम्भव छैन । नेपालमा अहिलेसम्म पनि सामन्तहरूको हालीमुहाली राज्यव्यवस्थामा रहेको कारण उनीहरूले भूमिसुधार गर्ने प्रश्न नै उठदैन । त्यसैले अहिले भूमिसुधार भन्दा पनि भूमि प्रतिस्थापन (बिलम चतबलकायचकबतष्यल)को कुरा गर्नुपर्दछ । त्यसैगरी फितलो राज्यव्यवस्था भएको बेला पनि भूमिसुधार हुनसक्दैन । भूमिसुधार सहीरुपमा हुन र भूआश्रितहरूले त्यसको लाभ लिनका लागि तीनवटा कुरा बलियो हुनुपर्दछ । पहिलो बलियो राज्य व्यवस्था जसमा जनताहरूको निर्णायक उपस्थिति र सहभागीता होस् । दोश्रो बलियो नागरिक समाजको उपस्थिति हुनुपर्दछ । राजनैतिक संस्थाहरू समेत बलियो हुनुपर्दछ । नागरिक समाज र राजनीतिक संस्थाहरू बलियो भएर मात्र पुग्दैन । सञ्चार पनि त्यत्तिकै स्वतन्त्र, चेतनशील र बलियो हुनुपर्दछ । यो स्थितिमा मात्र सही भूमिसुधार हुन सक्दछ ।

वर्तमान सरकारले ल्याउन खोजेको भूमिसुधारले सामान्य राहत दिनसक्ला तर यसले भूमिअधिकारको रक्षा गर्न सक्दैन । त्यसैले यो भूमिबैंकले भूमिसुधार गर्ने बहस नै निरर्थक हो । सामन्तीहरूको सहभागीता र बोलबाला भएको शासनप्रणाली अन्तर्गत आएको कार्यक्रमले सामन्तहरूको हित रक्षा गर्ने गरी अगाडि सारिएको यो कार्यक्रम षडयन्त्र नै षडयन्त्र बाहेक अरु केही हुनसक्दैन ।

## सामुदायिकीकरण हुनुपर्दछ

- **जगदीशचन्द्र वाग्ले**

जमिन वितरणले मात्र समस्या समाधान गर्न सक्दैन । जमिन खण्डीकरण हुँदै जाँदा उत्पादनमा प्रतिकूल असर पर्दछ । त्यसैले भूमिको सामुदायिकीकरण गर्नुपर्दछ । हदबन्दी भन्दा बढीको जमिन खोसेर भूमिबैंकमार्फत भूमिहीनहरूले जमिन पाएपछि त्यसलाई सामुदायिकरण गनुपर्दछ ।

## भूमिपतिलाई पूँजिपति बनाउने कार्यक्रम हो

- **धर्मदत्त देवकोटा**

यो बडाल आयोगको अवधारणा हो । तर बडाल आयोगले भूमिबैंकलाई भूमिसुधारका अन्यपक्षहरूसित एकीकृतरुपमा लगेर जानुपर्ने कुरा अघि सारेको थियो । तर अहिलेको कार्यक्रम एकांकीरुपमा आएका छ  हदबन्दी नगरिकन, जमिनका अन्य श्रोतहरू जस्तै पर्ति, बांझो, गुठीको जमिन आदिको व्यवस्था नगरिकन जमिन खरिदबिक्री गर्ने संयन्त्रकारुपमा मात्र लिनु जमिन्दारहरूलाई संरक्षण गर्ने र उनीहरूलाई समस्याबाट मुक्त पार्नु मात्र हो ।

अर्कोतिर अहिले देशमा जनप्रतिनिधिमूलक सरकार छैन। देशमा संवैधानिक जटिलता उत्पन्न भएको छ। यो स्थितिमा भूमिजस्तो संवेदनशील विषयमा बिना कुनै राष्ट्रिय सहमति भूमि कार्यक्रम ल्याउनु प्रतिगमनलाई मजबूत पार्ने षडयन्त्र हो। त्यसैले यसलाई मैले सरकारको हावादारी कार्यक्रमका रुपमा लिएको छु। मेरो विचारमा नेपालमा बडाल आयोगका सुझावलाई उपेक्षा गरेर एकांकी पाराले आउने भूमिकार्यक्रमले नेपालको भूमिसवाललाई सही प्रकारले सम्बोधन गर्न सक्दैन। यसले भूमिपतिलाई पूँजिपति बनाउने काम मात्र गर्दछ।

## हावादारी कार्यक्रम हो

- **केदार खडका, प्रो-पब्लिक**

सरकारले ल्याएको कार्यक्रम हावादारी कार्यक्रम हो। यो कार्यक्रम कुन देशको अनुसरण गरेर ल्याइएको हो भन्ने कुरा सार्वजनिक भएको छैन। कुनै अन्य देशको राम्रो कुराको नेपालको मौलिकतामा अनुसरण गर्ने हो भने त्यो गलत होइन। सरकारले गम्भीरतापूर्वक भूमिको समस्यालाई नलिएको र महत्वपूर्ण कुरालाई संधै किनारमा फालिने प्रवृत्तिकै निरन्तरता यो भुमिसुधार हो। यहाँ जुन कुरा बुझ्नुपर्दैन त्यो कुरा बुझिन्छ र जुन कुरा बुझ्नुपर्ने हो त्यसलाई उपेक्षा गरिन्छ। अहिलेको भुमिकार्यक्रमलाई यसै अनुरुप हेरिनुपर्दछ भन्ने मलाई लाग्गछ।

## दाताको सहयोगमा संधैं देश चल्दैन

- **उषा तितिक्षु, फोटो पत्रकार**

अहिले सरकारले सार्वजनिक गरेको कार्यक्रममा लाग्ने खर्च सरकारले कुन श्रोतबाट बेहार्ने हो भन्ने कुरा स्पष्ट छैन। देश संधै एनजीओ आइएनजीओको सहारामा चल्दैन। यो कुरा सार्वजनिक हुनुपर्दछ। अर्कोकुरा पैसा खोजेर जमिन किन्न सक्ने भूमिहीनहरूको हैसियत छैन भन्ने कुरा पनि सरकारले बुझ्नुपर्दछ।

## भूमिहीनको पहिलो आवश्यकता भूमि हो

- **यमुना घले, एक्सनएड नेपाल**

हदबन्दी गरेर भूउत्पादकत्व बढ्न सक्दैन भन्ने सरकारी प्रस्तावना गलत रहेको छ। अर्कोतिर भूमिहीनहरूको पहिलो आवश्यकता भूमि हो या अन्य विकल्प हो भनेर अनुसन्धान गर्ने हो भने कसैले पनि भूमि भन्दैनन भन्ने माननीय हरिकृष्ण उपाध्यायको विचारप्रति मेरो असहमति रहेको छ। भूमिहीनहरूको पहिलो आवश्यकता भनेको आफ्नो जमिनमा झुप्रो नै बनाएर भएपनि स्वतन्त्रतापूर्वक जीवनयापन गर्ने हो। अर्को कुरा नेपालको विगतका सर्वेक्षणहरू भूउत्पादकत्व घट्छ भन्ने कुरा गलत भएको साबित गरिसकेका छन्। भूमिहीनहरूले निशुल्क जमिन पाउनुपर्ने अडान बारम्बार राख्दै आएको देखिएको छ।

## भूमि दिएर मात्र गरिबी घट्दैन

- **डा. प्रेम शर्मा, उप प्राद्यापक**

भूमिबैंकको अवधारणा आफैमा गलत होइन। तर अहिले आएको कार्यक्रमले पूर्वाधारहरू तयार गरेको छैन। गरिबी निवारणको सन्दर्भममा कुरा गर्दा भूमि दिएर गरिबी घट्छ भन्ने कुरा हुँदैन। भूमिको उपयोग कुन तरिकाबाट गरिन्छ भन्ने कुरा मुख्य हो। जस्तो विगतमा जमिन दिइएका सुकुम्बासी र अन्य भूमिहीनहरूले दिइएको जमिनलाई पनि सही सदुपयोग गर्न नसक्दा जमिन बेच्नुपर्ने स्थिति देखा परेको छ। यो कुरामा ध्यान दिइनुपर्दछ। भूमिहीनहरूलाई जमिन दिने कुरासितै अन्य यावत भूउत्पादकत्व बृद्धिका कार्यक्रमहरूपनि संगै लैजानुपर्दछ। साथै कृषिमा आश्रित रोजगारी र उत्पादकशक्तिलाई अन्य क्षेत्रमा प्रतिस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## भूमिको समस्या सम्बोधन गर्दैन

- **सरेश नेपाल, भूमि आन्दोलन कार्यकर्ता**

अहिलेको कार्यक्रमले भूमिहीनहरूको समस्या समाधान गर्न सक्दैन। मोहीहरूको स्थितिलाई यसले सम्बोधन गरेको छैन। यो कार्यक्रम आर्थिक लेनदेनकारुपमा आएको छ। भूमिका कारण सिर्जित समस्यालाई यसले समाधान गर्छ

भन्ने देखिंदैन । भूमिमा आश्रित समाज र त्यसभित्रका समस्याहरू कसरी हल गर्ने भन्नेतर्फ सोचिनुपर्दछ । भूमि बिशुद्ध आर्थिक प्रक्रिया या चक्रमात्र हो भन्ने कुरामा म असहमत छु । विकसित देशहरूले समेत भूमिलाई विशुद्ध आर्थिक प्रक्रियाका रुपमा लिन नसकेको स्थितिमा नेपालजस्तो अति कम विकसित देशहरूका लागि यो आर्थिक चक्र मात्र हुन सक्दैन । हाम्रो लागि त भूमि सामाजिक प्रतिष्ठा र आत्मसम्मानको विषय हो । जीविकोपार्जनको सवाल हो ।

## दलितको अधिकार रक्षा गर्नेमा शंका छ

- **राजकुमार त्रिखत्री, एक्सनएड नेपाल**

राज्यले नै दलितहरूलाई लामो समयदेखि सुनियोजितरुपमा शोषणमा पारेको छ । उनीहरू विगत लामो समयदेखिको शासनप्रक्रिया सञ्चालनमा किनारामा पारिंदै आएका छन् । यो स्थितिमा अहिले आएको भूमिबैंकले विगतको प्रवृत्तिलाई त्याग गर्न सकेका छैन । अन्ततः यसले पनि परम्परागत शोषणलाई नै निरन्तरता दिइरहेको छ ।

दलितहरूको स्थिति भनेको भूमि किन्न सक्ने होइन । अहिले बिहान र बेलुका छाक टार्न समेत कथित उपल्लो जातिहरूको शरणमा दलितहरू पर्नु परेको छ । भोली सरकारले २० वर्षसम्म ऋणमा जमिन किन्न सक्ने प्रावधान राखेपनि ऋण लिनका लागि उनीहरूले फेरी साहुहरूकहाँ ऋण लिन जानुपर्ने हुन्छ । परम्पारगतरुपमा नै ऋणको जालोमा बेरिएका दलितहरूले फेरी ऋणमा डुब्ने हो भने उनीहरूको मुक्ति हुन सक्दैन । यो आधारमा हेर्दा, अहिलेको कार्यक्रमबाट दलितहरूको अधिकार रक्षा हुने कुरामा शंका नै उत्पन्न हुन्छ ।

समाप्त